सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ माघ २०८०, मंगलबार (30 Jan 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सन्दीप लामिछानेविरुद्धको जबर्जस्ती करणी मुद्दामा अदालतको पूर्णपाठ

असमान हैसियतमा भएको करणी कार्यलाई मन्जुरीको भन्न मिल्दैन

शिल्पा कर्ण/नयाँ पत्रिका

जिल्ला अदालत काठमाडौंले नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेले आफ्नो ख्यातिको दुरुपयोग गरेको ठहर गरेको छ। सोमबार आएको फैसलाको पूर्णपाठमा असमान हैसियतमा भएको करणी कार्यलाई मन्जुरीको भन्न नमिल्ने व्याख्या गरेको हो।

न्यायाधीश शिशिरराज ढकालको इजलासले १३ पुसमा क्रिकेटर लामिछानेलाई दोषी ठहर गरेको थियो भने २५ पुसमा उनीमाथि आठ वर्ष कैद र जरिवानासहित पीडितलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन सजाय निर्धारण भएको थियो।

भर्खर एसइई दिएकी पीडित र २२ वर्षे लामिछानेबीच विविध आयाममा अन्तर देखिएको फैसलामा छ। न्यायाधीश ढकालको इजलासले दुवैबीच उमेर, आर्थिक र पारिवारिक हैसियत समान नभएको तथा यस्तो अवस्थामा भएको करणीलाई मन्जुरीमा भएको मान्न नमिल्ने निष्कर्ष निकालेको छ।

सर्वोच्चबाट मन्जुरी र असमान हैसियतबीच करणीका घटनामा प्रतिपादित नजिर टेक्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति कमाएका लामिछानेबीच समानता नरहेको न्यायाधीशको ठहर छ। अदालतमा बयानका क्रममा वादी र प्रतिवादीका पक्षबाट आएका कुराहरू हेर्दा अदालत उक्त निष्कर्षमा पुगेको हो।

'प्रतिवादी सन्दीप लामिछाने २२ वर्षका र निज नेपाली क्रिकेट टिमका कप्तान रही क्रिकेट खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति कमाएका मानिस देखिन्छन्। पीडित सन्दीप लामिछानेको खेलसमर्थक (फ्यान) देखिन्छिन्,' फैसलामा भनिएको छ। प्रतिवादीका तर्फबाट अदालतमा उपस्थित पीडितका साथीहरूले उनको आर्थिक अवस्था राम्रो नभएको तथा आर्थिक सहयोगसमेतको आसले पीडित लामिछानेलाई भेट्न गएको र सोही अवस्थामा घटना भएको फैसलामा छ।



लामिछाने दोषी देखिनुका आधार

- **प्रतिवादीले नै पटक-पटक वादीलाई सम्पर्क गरेको**
- **पीडित र प्रतिवादीको सामान्य क्रमले प्रतिवादीको मनसाय पीडितसँग करणी गर्नु नै रहेको**
- **पीडितले प्रतिवादीलाई फसाउनुपर्ने सम्मको कुनै कारण नरहेको**

फैसलामा छ, 'पीडितको उमेर, निजको पारिवारिक तथा आर्थिक अवस्थासमेत र प्रतिवादीको शारीरिक तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वसमेत हेर्दा यी दुईबीचमा समानता रहेको

» पृष्ठ २ मा क्रमशः

■ एनसेलबारे छानबिन समितिको निष्कर्ष

सेयर खरिद-बिक्री पारदर्शी छैन, यथास्थितिमा स्वीकार गर्न सकिँदैन



● **टंकमणि शर्मा**
संयोजक, एनसेलको सेयर खरिद-बिक्री अध्ययन तथा छानबिन समिति

हाम्रो अध्ययनले मूलतः तीनवटा सुझाव दिएको छ। पहिलो- अहिलेको यथास्थितिमा सेयर खरिद-बिक्री स्विकार्नुहुँदैन भन्ने हो। दोस्रो- ०८६ पछि सरकारको स्वामित्वमा ल्याउनुपर्ने भन्ने हो। र, तेस्रो- प्रतिवेदनमा औंल्याइएका विषय विश्लेषण गरेर आवश्यक निर्णय गर्नू भन्ने हो।

■ प्रतिवेदन बुझ्दै प्रधानमन्त्री प्रचण्डले भने-



विषयको गम्भीरता र संवेदनशीलताअनुसार नै रातारात मिहिनेत गरेर प्रतिवेदन बुझाउनुभएको छ। थपिएको म्यादमा पनि बुझाउन सकिएला र ? भन्ने प्रश्न थियो। संयोजकज्यूले भन्नुभएजस्तो सरकारलाई सही निर्णय गर्न सहयोग पुग्ने हिसाबले ल्याउनुभएको छ भन्ने विश्वास छ। प्रतिवेदनमाथि अध्ययन गरेर सरकारले आवश्यक निर्णय लिनेछ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

एनसेलको सेयर खरिद-बिक्री, अध्ययन तथा छानबिन समितिले आजियाटा ग्रुप बर्हाड मलेसिया र स्पेक्ट्रलाइट युकेबीच भएको एनसेलको सेयर खरिद-बिक्री सम्झौता यथास्थितिमा कार्यान्वयन गर्न नहुने सुझाव सरकारलाई दिएको छ। डेढ महिनाको अध्ययनपछि पूर्वमहालेखापरीक्षक टंकमणि

» पृष्ठ २ मा क्रमशः

■ छानबिन समितिले दिएका प्रमुख सुझाव

१ कुनै पनि कानुनी प्रक्रिया पूरा भएका छैनन्

कानुनबमोजिम खरिद-बिक्रीकर्ता दुवै पक्षले निवेदन दिनुपर्नेमा हालसम्म पनि नदिएको, सेयर खरिद-बिक्री गर्नुअघि स्वीकृति लिनुपर्नेमा नलिएको र प्राप्त सेयर खरिद-बिक्री सम्झौताका सर्तहरू विश्लेषण गर्दा समान व्यावसायिक कारोबारको सिद्धान्त अनुसार नभएको, विभिन्न दृष्टिकोणबाट खरिदकर्ताको क्षमता विश्लेषण गर्दा प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात पेस गरेको देखिएन।



प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउँदै छानबिन समितिका संयोजक टंकमणि शर्मा

२ कारोबार मूल्यको विश्वसनीयता देखिएन

एनसेल आजियाटाको अधिकांश सेयर खरिद-बिक्री सम्बन्धमा प्रचलित कानुनबमोजिम सम्बन्धित निकायबाट पूर्वस्वीकृति लिएको देखिएन। हालसम्म आजियाटा ग्रुप बहार्ड मलेसिया र स्पेक्ट्रलाइट युकेबीचमा भएको भनिएको सेयर खरिद-बिक्री सम्झौता स्वीकृतिका लागि कानुनबमोजिम प्रक्रियासम्मत रूपमा निवेदन पेस भएको छैन। त्यसैले कारोबारको पारदर्शिता र कारोबार मूल्यको विश्वसनीयताजस्ता प्रतिवेदनमा विश्लेषण गरिएका तथ्य र अदालतका आदेशहरू अध्ययन गरी निर्णय लिनुपर्ने देखिन्छ।

३ विगतका कारोबार अनुसन्धान हुनुपर्ने देखियो

विगतका एनसेल कम्पनीको सेयर खरिद-बिक्रीमा विभिन्न कम्पनीमार्फत नेपालमा र विदेशमा अपारदर्शी रूपमा भएका कारोबारहरू राजस्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरण भएको हुन सक्ने देखिएकाले सो सम्बन्धमा सम्बन्धित निकायहरूबाट अनुसन्धान हुनुपर्ने देखिन्छ।

४ कर दायित्व निर्धारण गरी असुल गर्नुपर्ने देखिन्छ

नेपालका दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूलाई अस्वाभाविक रूपमा फन्डेड र ननफन्डेड कर्जा प्रवाह गरी वित्तीय जोखिम सिर्जना भएको देखिन्छ। यसमा नेपाल राष्ट्र बैंकबाट थप अनुसन्धान हुनुपर्छ। साथै, एनसेल आजियाटा तथा अन्य सम्बद्ध पक्षहरूको कर परीक्षण गर्न बाँकी देखिएकाले तत्काल कर परीक्षण गरी कर दायित्व निर्धारण गरी असुल गर्नुपर्छ।

५ सरकारी स्वामित्व सुनिश्चित हुने सर्त राख्नुपर्छ

दूरसञ्चार ऐन, २०५३ अनुसार अनुमतिपत्रको २५ वर्षको अवधि समाप्त भएपछि जम्मा पुँजी लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र-उपकरण तथा संरचनामा नेपाल सरकारको स्वामित्व हुन्छ। त्यसैले सोको सुनिश्चितता हुने गरी आवश्यक सर्तहरू राख्नुपर्ने देखिन्छ।

६ घोटाला निवारणका लागि अलगै संयन्त्र आवश्यक

नेपालमा पनि आर्थिक तथा व्यापारिक कारोबारमा ठूला र गम्भीर प्रकृतिका घोटाला हुने गरेकाले तिनीहरूको निवारण गर्न अन्य मुलुकमा जस्तै अलगै संयन्त्रको व्यवस्था गर्नुपर्छ।

७ विदेशी लगानी ल्याउन बहुपक्षीय सुधारको खाँचो

कम्पनी प्रशासनमा सुशासन, धितोपत्र नियमन, सम्पत्ति शुद्धीकरण निवारण, विदेशी लगानी प्रवर्द्धन, बैंक तथा वित्तीय क्षेत्रको प्रभावकारी नियमन, विदेशी मुद्रा कारोबारमा पारदर्शिता प्रवर्द्धन गर्नुपर्छ। नेपाललाई विदेशी लगानीका लागि आकर्षक गन्तव्य बनाउन सम्बन्धित क्षेत्रमा आवश्यक नीतिगत, कानुनी, संस्थागत, संरचनागत र प्रक्रियागत सुधार गर्नुपर्छ।

८ व्यावसायिक वातावरण नभएको आजियाटाको आरोप तथ्यहीन

एनसेलले हालसम्म आठ करोड रुपैयाँ विदेशी लगानी र दुई करोड रुपैयाँ स्वदेशी लगानी गरेको छ। एक खर्ब रुपैयाँभन्दा बढी नाफा कमाई विभिन्न शीर्षकमा ६८ अर्ब रुपैयाँभन्दा बढी रकम विदेश लगेको देखिन्छ। नेपालमा व्यावसायिक वातावरण नभएको आजियाटाको आरोप तथ्यहीन छ।

मिटरब्याज सम्बन्धी उजुरी प्रहरीले हेर्ने

काठमाडौं/ मिटरब्याजसम्बन्धी उजुरीमा अब प्रहरीले छानबिन तथा अनुसन्धान गर्ने भएको छ। सरकारले यससम्बन्धी अधिकार प्रहरीलाई दिने निर्णय गरेको हो।

गत साताको मन्त्रिपरिषद्को निर्णयअनुसार गृह मन्त्रालयले कार्यविधि बनाई कार्यान्वयनका लागि सोमबार प्रहरीलाई पत्राचार गरेको छ। जसअनुसार यसअघि जिल्ला प्रशासन कार्यालयमा फर्स्योट हुन बाँकी रहेका उजुरीसमेत अब प्रहरीमा पठाउने तयारी छ।

अब पीडितहरूले सीधै प्रहरीमा उजुरी दिन सक्नेछन्। गृह मन्त्रालयले बनाएको कार्यविधिअनुसार पीडितले पेस गरेको प्रमाण तथा लेनदेनको रकमका आधारमा वर्गीकरण गरी प्रहरीले प्राथमिकता निर्धारण गर्नुपर्ने हुन्छ। पीडित र पीडक

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ विदेश जानुअघि श्रमिकलाई तालिम दिन सरकारकै प्रशिक्षण प्रतिष्ठान छ

तर, नियम मिचेर निजीलाई तालिमको अनुमति दिने तयारीमा श्रम मन्त्रालय

मुना कुँवर/नयाँ पत्रिका

विदेश जानुअघि श्रमिकलाई तालिम दिन सरकारकै प्रशिक्षण प्रतिष्ठान छ। तर, एकातिर प्रतिष्ठानकै कार्यक्षेत्र बढाउने निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नियम मिचेर निजी संस्थाहरूलाई तालिमको अनुमति दिने तयारीसमेत गरेको छ। वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार सीपमूलक तालिम कार्यविधि, २०७५ को व्यवस्थाविपरीत मन्त्रालयले निजी तालिम संस्थाहरूलाई अनुमति दिन लागेको हो।



श्रममन्त्री शरत्सिंह भण्डारी

कार्यविधिले तालिम दिने संस्थाहरूलाई अनुमति दिने अधिकार मन्त्रालयलाई दिएकै छैन। तालिम दिने संस्थाहरू वैदेशिक रोजगार विभागको अनुमतिमा दर्ता हुन्छन् भने परिचालन तथा अनुगमनको काम वैदेशिक रोजगार बोर्डले गर्छ।

» पृष्ठ २ मा क्रमशः

तालिमप्रदायक निजी संस्थालाई अनुमति दिन सकिन्छ, तर यस्तो अधिकार मन्त्रालयलाई नभई वैदेशिक रोजगार विभागसँग छ। विभागमा सूचीकृत ३२ संस्थालाई अलपत्र पारेर श्रम मन्त्रालय नयाँ संस्थालाई अनुमति दिने तयारीमा लागेको छ



नयाँ संस्थालाई सूचीकृत गरिनुमा मन्त्रालयको बदनियत छ

● **अच्युत नेपाल**, अध्यक्ष, नेपाल तालिम तथा रोजगार व्यवसायी संघ



सबै खालका तालिम प्रतिष्ठानबाटै दिन विकास समिति गठन आदेश जारी भएको हो

● **केशव बिमली**, कार्यकारी निर्देशक, व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान



तालिम संस्थालाई रोजगारदातासँग अनुदान लिन मन्त्रालयले समन्वय गर्छ

● **राजीव पोखरेल**, प्रवक्ता, श्रम मन्त्रालय



■ १४ किलो सुन तस्करी प्रकरण

थप अनुसन्धानमा सिआइबी सुस्त

● **एआइजी किरण बज्राचार्य**, प्रमुख, सिआइबी



घटना संगठित प्रकृतिको रहेको भन्दै अनुसन्धान गर्न भन्सारले हामीलाई पत्र पठाएको छ। केही दसी-प्रमाण पनि उपलब्ध गराएको छ। तर, अनुसन्धान भएको प्रतिवेदन भने उसले उपलब्ध गराएको छैन। त्यसो हुँदा अनुसन्धान प्रक्रिया अघि बढ्न नसकेको हो।

● **टोकराज पाण्डे**, प्रमुख, भन्सार कार्यालय



घटना संगठित प्रकृतिको देखियो। सरकारी वकिल कार्यालयले बाँकी अनुसन्धान सिआइबीलाई दिन भन्यो। हामीले सिआइबीलाई अनुसन्धान गर्न पत्र पठाइसकेका छौं। अनुसन्धान प्रतिवेदन उपलब्ध गराएको-नगराएको सम्बन्धमा भने जानकारी भएन।

टेकराज थामी/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको १४ किलो सुन तस्करी घटनामा थप अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सुस्तता देखाएको छ। सरकारी वकिल कार्यालयले घटनाको थप अनुसन्धान गर्न आदेश गरे पनि भन्सारसँग पत्राचारको कारण देखाएर सिआइबी सुस्त देखिएको छ।

तस्करीमा क्रिप्टो तथा हुन्डीको मात्र कारोबार नभई मानव

» पृष्ठ २ मा क्रमशः



■ अख्तियारमा पनि पत्र

घटनामा पक्राउ परेकामध्ये राधाकृष्ण श्रेष्ठ, लेकबहादुर तामाङ, रमेश देउला, अनिल श्रेष्ठ र शेरबहादुर बस्नेतविरुद्ध अनुसन्धान गर्न भन्सारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि पत्र पठाएको छ। भन्सारले प्रतिवादीविरुद्ध अनुसन्धान गर्न गत २१ पुसमा अख्तियारलाई पत्र काटेको हो। उनीहरूमध्ये राधाकृष्ण नागरिक उड्डयन प्राधिकरणको वरिष्ठ सहायक हुन्। त्यस्तै, लेकबहादुर प्राधिकरणको कार्यालय सहयोगी, रमेश एयर साइड कार्यालय सहयोगी, अनिल एसी टेक्निसियन र शेरबहादुर प्लम्बर हुन्। अख्तियारको दुरुपयोग गरी कानुनविपरीतको काम गरेको हुँदा उनीहरूविरुद्ध अनुसन्धान गरिनुपर्ने निर्णय गत १६ पुसमा सरकारी वकिल कार्यालय काठमाडौंले गरेको थियो। सोही निर्णयपछि भन्सारले उनीहरूविरुद्ध अनुसन्धान गर्न अख्तियारमा पत्र पठाएको थियो।

असमान...

पृष्ठ १ बाट क्रमशः

भन्ने देखिँदैन । पीडित आर्थिक अवस्थासमेतका कारणबाट निज सहज रूपमा दुरुपयोग हुने अवस्थाको देखिन्छिन् । ...पीडितले जबर्जस्ती गरेको भनी भनेको अवस्था र पीडित तथा प्रतिवादीको असमान हैसियत रहेको देखिएको अवस्थामा भएको करणीको कार्यलाई मन्जुरीमा भएको भन्न मिल्ने देखिएन ।'

असमान शक्ति सम्बन्धमा रही कमजोर व्यक्तिहरू अर्को व्यक्तिप्रति सहजै विश्वासमा पर्ने गरेको, आभारी हुने गरेको तथा आश्रित हुने गरेकाले दुरुपयोगको जोखिममा हुने फैसलामा छ । 'यस्ता निर्बल व्यक्तिहरूलाई अर्को पक्षले सहज रूपमा दुरुपयोग गर्न सक्ने हुँदा त्यस्ता व्यक्तिहरू यौन जोखिममा रहेका हुन्छन् । यसरी जोखिममा रहेका व्यक्तिसँग हुने यौनक्रियाका सम्बन्धमा मन्जुरीको प्रश्न उठेमा असमान शक्ति सन्तुलनको दृष्टिकोणबाट पनि हेरिनुपर्ने हुन्छ,' फैसलामा छ ।

प्रतिकार नगरेको मात्र कारणले करणीमा मन्जुरी रहेको मान्न नमिल्ने न्यायाधीश ढकालको ठहर छ । एक पक्षबाट भौतिक बल प्रयोग भएमा वा बल प्रयोग गर्ने धम्की दिएको अवस्थामा, अर्को पक्ष अचेत रहेको वा शारीरिक रूपमा अशक्त रहेको अवस्थामा प्रतिकार नगरी समर्पण गर्नुपर्ने हुन सक्छ । यसलाई मन्जुरी मान्न नमिल्ने फैसलामा छ ।

क्लोज क्याम्पमा रहेको र भोलिपल्ट विदेश जानुपर्ने लामिछानेले आफूलाई छुट्याइएको हायात प्यालेसको कोठामा नबसी राति पीडितलाई होटेलमा लिएर जानु, पीडित बसेको कोठामा बस्नुजस्ता क्रियाकलापले प्रतिवादी लामिछानेको मनसाय नै पीडितसँग करणी गर्नु रहेको अदालतको ठहर छ । लामिछानेलाई फसाइएको भन्ने उनका वकिलका तर्कका विषयमा पनि अदालतले फैसलामा बोलेको छ ।

पीडितले प्रतिवादीलाई फसाउनुपर्नेसम्मको कुनै कारण नदेखिएको फैसलामा उल्लेख छ । 'प्रतिवादी र पीडितका बीचमा स्न्यापच्याटमार्फत चिनजान भएको एक हप्ता पनि भएको देखिँदैन । पीडित र प्रतिवादीबीचमा कुनै किसिमको नाता-सम्बन्ध रहेको देखिँदैन । निजहरू प्रेम सम्बन्धमा रहेको अवस्था पनि देखिँदैन । प्रतिवादी र पीडित प्रत्यक्ष रूपमा घटना हुनुभन्दा अगाडि भेट भएको भन्ने अवस्था पनि देखिँदैन । मिसिलमा संलग्न कल डिटेल्स रिपोर्ट हेर्दा प्रतिवादी पक्षबाट नै धेरैपटक सम्पर्क गरेको देखिन्छ,' फैसलामा छ ।

लामिछानेका कानुन व्यवसायीले पीडितको म्यासेजलाई आधार मानी कसुरबाट सफाइ दिलाउन चाहेका थिए । उक्त म्यासेजमा लामिछानेसँग आफू सुरक्षित रहेको भनी पीडितले साथीलाई बताएकी थिइन् । तर, उक्त म्यासेज घटना भएको समयभन्दा अघि नै लेखेको पाइएको छ । पीडितको स्वास्थ्य परीक्षण घटनाको १५ दिनपछि र लामिछानेको करिब डेढ महिनापछि गरिएको कारण त्यसैका आधारमा लामिछानेलाई सफाइ दिन नसकिने ठहर इजलासको छ ।

क्रिकेटर लामिछानेलाई जिल्ला अदालतले आठ वर्ष कैद सजाय सुनाएको छ । साथै तीन लाख रुपैयाँ जरिवाना असुल गरी पीडित राहत कोषमा जम्मा गर्नसमेत आदेश भएको छ । न्यायाधीश ढकालको इजलासले दिएको आदेशमा पीडित युवतीलाई दुई लाख रुपैयाँ क्षतिपूर्ति भराउन भनिएको छ ।

सन्दीपका कानुन व्यवसायीले जिल्लाको फैसलाविरुद्ध उच्च अदालत जाने बताएका छन् । यसअघि सर्वोच्च अदालतको फैसलाअनुसार उनी धरौटीमा छुटेका थिए ।

मिटरब्याजसम्बन्धी...

पृष्ठ १ बाट क्रमशः

दुवैलाई सूचना दिई प्रहरीले निश्चित समय दिएर मिलापत्रका लागि प्रोत्साहन गर्ने र मिलापत्र हुन नसकेमा मुद्दा प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । उजुरी फर्स्योटका सम्बन्धमा गरेका प्रगति विवरण मासिक रूपमा जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्ने कार्यविधिमा उल्लेख छ ।

मिटरब्याज समस्या समाधानका लागि यसअघि सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको थियो । म्याद सकिएपछि आयोगमा परेका उजुरी जिल्ला प्रशासन कार्यालयले हेर्दै आएको थियो । सो आयोगकै सिफारिसका आधारमा मन्त्रिपरिषद्ले यससम्बन्धी अधिकार प्रहरीलाई दिएको हो ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय पोखरा, कास्कीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पोखरा, कास्कीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण

भिम बहादुर बस्नेतको नाति, चन्द्र बहादुर बस्नेतको छोरा, कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं.३२ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने **गिरी बहादुर बस्नेत** (ना.प्र.नं.४६-०२-७४-००४९६, जारी मिति २०७४/०२/३१, जिल्ला प्रशासन कार्यालय, कास्की) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. चन्द्र बहादुर बस्नेतको नाति, गिरी बहादुर बस्नेतको छोरा, कास्की जिल्ला, लेखनाथ उ.म.न.पा/गा.वि.स वडा नं.१३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.३२ बस्ने **सुरेन्द्र बस्नेत** (ना.प्र.नं. १६०७५९, जारी मिति २०६५/०५/०५, जिल्ला प्रशासन कार्यालय, कास्की) ।
२. गिरी बहादुर बस्नेतको बुहारी, सुरेन्द्र बस्नेतको पत्नी, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.३२ बस्ने **लक्ष्मी शाही (बस्नेत)** (ना.प्र.नं. ३५३०२७/३७८ चितवन, जारी मिति २०६३/१०/२५, जिल्ला प्रशासन कार्यालय, कास्की) ।

धितो सुरक्षणको विवरण:

१. **गिरी बहादुर बस्नेत**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स वडा नं.०१ स्थित कित्ता नं.३०२२ को क्षेत्रफल ५-१५-०-१ (रो.आ.पै.दा.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पोखरा, कास्की फोन नं. ०६१-५७२८००

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/१६ गते

यस माछापुच्छे बैंक लि. नयाँ बानेश्वर शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना
१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम रहेको **एप्पल एजुकेशनल कन्सलटेन्सी प्रा.लि.** । प्रा.फ.र.नं. १५५६३३/०७३/०७४, दर्ता मिति : २०७३/०५/२६, पान नं. ६०४३२२९११, दर्ता मिति : २०७३/०७/१० ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८, पुतलीसडक **संचालक : सुजाता दाहाल**
२. सुजाता दाहाल ना.प्र.नं. १३-०१-७४-०२१६३, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति : २०७४/०६/२२ बाबु : कृति प्रसाद दाहाल, पति : सुमन कुमार लिम्बु, ससुरा : हरि लिम्बु ठेगाना : ओखलढुङ्गा जिल्ला, मानिभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ६ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८, पुतलीसडक

व्यक्तिगत जमानतकर्ताहरु	
१. सुजाता दाहाल ना.प्र.नं. १३-०१-७४-०२१६३, जि.प्र.का. ओखलढुङ्गा जारी मिति : २०७४/०६/२२ बाबु : कृति प्रसाद दाहाल पति : सुमन कुमार लिम्बु, ससुरा : हरि लिम्बु ठेगाना : ओखलढुङ्गा जिल्ला, मानिभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ६ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८, पुतलीसडक	**२. सुमन कुमार लिम्बु** ना.प्र.नं. ३३ ३३१०५५/१३६९२, जि.प्र.का. बारा जारी मिति : २०६६/०३/०४ बाबु : हरि लिम्बु, बाजे : ठेगाना : बारा जिल्ला,, कलैया वडा नं. ७ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८, पुतलीसडक

धितोमा रहेको सम्पतिको विवरण
धनी यस माछापुच्छे बैंक लिमिटेड र एप्पल एजुकेशनल कन्सलटेन्सी प्रा.लि. को नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन : सवारी मोडल : Haval Jolion 1.5L , रङ्ग : Mars Red, दर्ता नं. प्रदेश नं. बा प्र ०१-०२५ च ६२४९ ईन्जिन नं. GW4G15K-2128051753, च्यासिस नं. LGWEE4A52MK604207

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, नयाँ बानेश्वर

सेयर खरिद-बिक्री...

पृष्ठ १ बाट क्रमशः

शर्मा दंगाल संयोजकत्वको पाँच सदस्यीय समितिले सेयर खरिद-बिक्री सम्झौतामा उल्लेख गरिएको सेयर कारोबारको मूल्य र सर्तहरू अस्वाभाविक रहेको ठहर गर्दै सम्झौता यथास्थितिमा स्वीकार गर्न नहुने निष्कर्ष निकालेको हो ।

समितिले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिवेदन बुझाएको छ । समिति संयोजक शर्माले भने, 'हाम्रो अध्ययनले मूलतः तीनवटा सुझाव दिएको छ । पहिलो- अहिलेको यथास्थितिमा सेयर खरिद-बिक्री स्विकार्नुहुँदैन भन्ने हो । दोस्रो- ०८६ पछि सरकारको स्वामित्वमा ल्याउनुपर्ने भन्ने हो । र, तेस्रो- प्रतिवेदनमा औंल्याइएका विषयहरू विश्लेषण गरेर आवश्यक निर्णय गर्नू भन्ने हो ।'

कानुनबमोजिम खरिद-बिक्रीकर्ता दुवै पक्षले नियामक निकायमा निवेदन दिनुपर्नेमा हालसम्म पनि नदिएको, सेयर खरिद-बिक्री गर्नुअघि स्वीकृति लिनुपर्नेमा नलिएको र प्राप्त सेयर खरिद-बिक्री सम्झौताका सर्तहरू विश्लेषण गर्दा विश्वव्यापी मान्य सिद्धान्तअनुसार नभएको प्रतिवेदनको निष्कर्ष छ । प्रतिवेदनमा भनिएको छ, 'विभिन्न दृष्टिकोणबाट खरिदकर्ताको क्षमता विश्लेषण गर्दा प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात पेस नगरेको देखिँदा यो सेयर खरिद-बिक्री सम्झौता यथास्थितिमा स्वीकार गर्न उपयुक्त हुने देखिएन ।' प्रतिवेदनअनुसार हालसम्म आजियाटा ग्रुप बर्हाड मलेसिया र स्प्रेक्ट्रलाइट युकेबीचमा भएको भनिएको सेयर खरिद-बिक्री सम्झौता स्वीकृतिका लागि कानुनबमोजिम प्रक्रियासम्मत रूपमा निवेदन पेस भएको देखिएको छैन ।

एनसेलको सेयर कारोबार समान व्यावसायिक व्यवहारको सिद्धान्तविपरीत भएको पनि समितिको ठहर छ । यो सिद्धान्तअनुसार समान व्यावसायिक कारोबारमा खरिदकर्ता र बिक्रीकर्ता स्वतन्त्र ढंगले कारोबार गर्छन्, जसमा एक-अर्काप्रति प्रभाव र दबाबको अवस्था रहँदैन । तर, एनसेलको सेयर खरिद-बिक्री सम्झौताका सर्तहरू विश्लेषण गर्दा यो सिद्धान्तअनुसार नभएको प्रतिवेदनमा उल्लेख छ ।

गत १५ मंसिरमा आजियाटा ग्रुप बर्हाडले स्पेक्ट्रलाइट यसकेलाई सेयर बिक्री गर्ने गरी सम्झौता भएको थियो । उक्त सम्झौतामा बिक्रीकर्ता पक्ष हावी भई खरिदकर्ता पक्षमा स्वाभाविकभन्दा बढी सर्तहरू राखेको समितिको निष्कर्ष छ । त्यस्तै, सेयर बिक्रीपछि वर्षौंसम्म पनि बिक्रेताले आफूले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्वसमेत बिक्रीकर्तामा नहुनेजस्ता सर्तहरू उल्लेख भएको देखिएकाले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको स्वाभाविक सम्झौता मान्न सकिने नदेखिएको प्रतिवेदनले जनाएको छ । एनसेल सेयर खरिद-बिक्री सम्बन्धमा अदालतका आदेशहरूसमेतलाई अध्ययन गरी आवश्यक निर्णय लिनुपर्ने समितिको सुझाव छ ।

त्यस्तै, एनसेलले हालसम्म एक करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरी मोबाइल सेवा प्रदान गरिरहेको र हालसम्म कर र गैरकर राजस्व गरी नेपाल सरकारलाई करिब तीन खर्ब दुई अर्ब रुपैयाँ बुझाएको देखिएको छ । एनसेल आजियाटाले सरकारलाई कर र गैरकर गरी तिर्नु, बुझाउनुपर्ने ८५ अर्ब रुपैयाँभन्दा बढी रकमको विषय विभिन्न तहका अड्डा, अदालतहरूमा मुद्दाका रूपमा विचाराधीन रहेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

खरिदकर्ताको वित्तीय क्षमता कमजोर

समितिले एनसेल खरिदकर्ता स्पेक्ट्रलाइट युकेको प्राविधिक क्षमतामाथि नै प्रश्न उठाएको छ । करोडौं ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमता सबल नदेखिएको जनाएको छ । प्रतिवेदनमा भनिएको छ, 'वार्षिक रूपमा नै अर्बौं मुनाफा आर्जन गरिरहेको नेपालकै ठूलो दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियाटाले विज्ञप्तिमार्फत सार्वजनिक गरेको सेयर कारोबारको व्यावसायिक मूल्य र सम्झौताका सर्तहरू स्वाभाविक नदेखिएको, खरिदकर्ताको प्राविधिक सक्षमता र करोडौं ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमतासमेत सबल नदेखिएको ।'

खरिदकर्ता कम्पनीको प्राविधिक क्षमता, लगानीको स्रोत र कम्पनीका सञ्चालकको व्यावसायिक पृष्ठभूमिलाई अध्ययन गर्नुपर्ने समितिको सुझाव छ । त्यस्तै, दूरसञ्चार सेवाप्रदायक कम्पनी र तिनका सञ्चालकबीच हुन सक्ने ऋस होल्डिङको अवस्था, नेपालको दूरसञ्चार सेवा प्रवाहको क्षेत्रमा विदेशी लगानीको नियमन, दूरसञ्चार सेवाको संवेदनशीलता, सेवा सञ्चालनको सुनिश्चितता र सेवा सञ्चालनको भावी योजना, नेपालमा विदेशी लगानीको वातावरणमा पर्ने प्रभावजस्ता तथ्य केलाउन पनि सुझाव दिएको छ ।

विगतका सेयर कारोबार पनि अपारदर्शी भएको निष्कर्ष

विगतमा भएका एनसेलको सेयर खरिद-बिक्री पनि अपारदर्शी रूपमा भएको निष्कर्ष समितिको छ । ०५८ मा स्पाइस सेल प्रालिको रूपमा स्थापना भएदेखि यो कम्पनीको १४ पटक सेयर तथा स्वामित्व खरिद-बिक्री भएको छ । ती खरिद-बिक्रीमा धेरैजसो कारोबार नेपालबाहिर नै भएको प्रतिवेदनमा उल्लेख छ । यी कारोबारहरूसँग सम्बन्धित लेनदेनका अभिलेख तथा विवरणहरू कम्पनीले नेपालका आधिकारिक निकायहरूमा पेस गरेको नदेखिएको समितिको निचोड छ । कतिपय नेपाली सेयरधनीहरूको कारोबारको भुक्तानी नेपालको बैंकिङ प्रणालीबाट नभई देशबाहिर समेत भएको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

विगतका एनसेल कम्पनीको सेयर खरिद-बिक्रीमा विभिन्न कम्पनीमार्फत नेपाल र विदेशमा अपारदर्शी रूपमा भएका कारोबारहरू राजस्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरण भएको हुन सक्ने देखिएकाले सो सम्बन्धमा सम्बन्धित निकायहरूबाट अनुसन्धान हुनुपर्ने समितिको सुझाव छ ।

०८६ पछि सरकारको स्वामित्वमा ल्याउन के गर्न सकिन्छ ?

०८६ पछि एनसेलको अनुमतिपत्र समाप्त भएपछि स्वतः सरकारको स्वामित्वमा आउनुपर्ने हुन्छ । तर, सेयर खरिद-बिक्री सम्झौतामा सरकारी स्वामित्वमा ल्याउन नदिन चलखेल भएको आशंकामा समितिले यसका लागि आवश्यक निर्णय गर्न सरकारलाई सुझाव दिएको छ । दूरसञ्चार ऐनअनुसार अनुमतिपत्रको २५ वर्षको अवधि समाप्त भएपछि जम्मा पुँजी लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र-उपकरण तथा संरचनामा नेपाल सरकारको स्वामित्व हुने व्यवस्था छ । यसको सुनिश्चितता हुने गरी सम्झौतामा आवश्यक सर्तहरू राख्नुपर्ने समितिको सुझावमा उल्लेख छ ।

तर, नियम मिचेर...

पृष्ठ १ बाट क्रमशः

वैदेशिक रोजगार बोर्ड आफैंले वा सिटिइभिटीमा दर्ता भएका तालिम दिने संस्थाहरूलाई तालिमको जिम्मा दिन सक्ने व्यवस्था कार्यविधिमा छ । तर, अहिले कार्यविधिविपरीत मन्त्रालय आफैंले तालिम सञ्चालन गर्न तालिम प्रदायक संस्थाहरूलाई सूचीकृत हुन आह्वान गरेको छ ।

मन्त्रालयले १२ पुसमा वैदेशिक रोजगारमा जाने श्रमिकका लागि निःशुल्क तालिम सञ्चालन गर्ने संस्थालाई सूचीकृत गर्न सूचना जारी गरेकोमा ९४ संस्थाले आवेदन दिएको मन्त्रालयका प्रवक्ता राजीव पोखरेलले बताए । छनोट भएका संस्थाले आन्तरिक र वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई निःशुल्क सीपमूलक तालिम दिने मन्त्रालयको भनाइ छ । यस्ता तालिम केन्द्रले गन्तव्य मुलुकका रोजगारदातासँग अनुदान लिनेछन् । वैदेशिक र आन्तरिक दुवै खाले रोजगारीका लागि श्रमिकलाई सीप दिन श्रम मन्त्रालयअन्तर्गत नै व्यावसायिक तथा सीपविकास तालिम प्रतिष्ठान छ । ललितपुरको भैंसेपाटीमा १२ रोपनी ३ आना ६ पैसा क्षेत्रफलमा फैलिएको प्रतिष्ठानले वार्षिक १० हजार श्रमिकलाई अभिमुखीकरण तथा सीपमूलक तालिम प्रदान गर्दै आएको छ ।

यसको कार्यक्षेत्र विस्तार गर्ने तयारीमा मन्त्रालय छ । मन्त्रालयले नेपाल राजपत्रमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८०, प्रकाशित गरी प्रतिष्ठानको कार्यक्षेत्र विस्तार गरेको छ । आवश्यकताअनुसार अन्य स्थानमा पनि प्रतिष्ठान सञ्चालन गर्न सक्ने आदेशमा उल्लेख छ । आदेशअनुसार समितिले श्रम बजारको आवश्यकताअनुसार सीपको पहिचान गरी तालिम दिनेछ ।

आदेशको बुँदा ४ को (झ) अनुसार समितिले स्वदेशी रोजगारदाता कम्पनी, वैदेशिक रोजगारीका गन्तव्य मुलुक र तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षणसम्बन्धी सहयोग परिचालन गर्नेछ । समितिले नै सीप प्रमाणीकरण गर्नेछ ।

हालको विकास समिति २०३४ सालमा केस दर्पणको नामबाट स्थापना भएको थियो । हाल प्रतिष्ठानले वैदेशिक रोजगारी र आन्तरिक रोजगारीका लागि श्रमिकलाई निःशुल्क तालिम प्रदान गर्दै आइरहेको छ । प्रतिष्ठानका कार्यकारी निर्देशक केशव बिमली सरकारले हालै गठन आदेश जारी गरेर तालिमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्न खोजेको र विभिन्न स्थानमा तालिम संस्था विस्तार गर्न खोजेको बताउँछन् ।

प्रतिष्ठानले आधारभूत, विशिष्ट र उद्यमशीलता तालिम प्रदान गर्छ । कोरिया र इजरायल जाने युवालाई पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिइने र यसका लागि आठवटा हल प्रयोग हुने उनले बताए । आधारभूत तालिमअन्तर्गत २२ प्रकारका तालिम सञ्चालन हुन्छन् । कम्तीमा एक सय ६० देखि ६०० घण्टाको तालिम प्रदान गरिने बिमलीले बताए । त्यस्तै, आधारभूत तालिम लिएका व्यक्तिले इच्छा देखाए विशिष्ट तालिम प्रदान गरिने पनि उनको भनाइ छ ।

सीप सिकेर उद्यमी बन्न चाहने व्यक्तिलाई प्रतिष्ठानले पाँच दिनसम्मको तालिम दिन्छ । त्यस्तै, बजारको आवश्यकताअनुसार सीपको पहिचान गरी सीपमूलक तालिम दिने गरिएको निर्देशक बिमलीले बताए । सीपमूलक तालिमका लागि पाँचवटा ल्याब छन् । जसमा पाँच सिफ्टमा सयजनालाई तालिम प्रदान गर्न सकिने उनले बताए । चालू आर्थिक वर्षका लागि प्रतिष्ठानलाई १५ करोड रुपैयाँ विनियोजन गरिएको छ । तालिमका लागि मात्रै सात करोड विनियोजन भएको बिमलीले बताए । यसका बाबजुद मन्त्रालयले नयाँ तालिम प्रदायक संस्थालाई सूचीकृतका लागि निवेदन मागेर शंकास्पद चरित्र देखाएको छ ।

हाल मन्त्रालयले बनाएको कार्यविधिमा अटाउँदैनन्, पुराना तालिम प्रदायक संस्था

मन्त्रालयले आवेदन मागेको तालिम प्राप्त संस्थाको क्षमतालगायत मापदण्डसम्बन्धी नयाँ कार्यविधि पनि जारी गरेको छ । २० मंसिरमा जारी कार्यविधिअनुसार तालिम प्रदायक संस्था ७ रोपनीमा फैलिएको हुनुपर्नेछ । संस्थामा चारपांग्रे सवारी पुग्न सक्ने स्थल हुनुपर्ने तथा कम्तीमा १० थान चारपांग्रे गाडी तथा ५० थान मोटरसाइकल पार्किङ गर्न सकिने हुनुपर्छ । संस्थामा प्रशासन, लेखा हेर्ने र रिसेप्सनिस्ट एक-एकजना हुनुपर्नेछ । पुरुष वार्डेन दुई, महिला वार्डेन दुई, खाना बनाउने तीन तथा कार्यालय सहयोगी ६ जना हुनुपर्नेलगायत मापदण्ड तोकिएको छ । त्यस्तै, कम्तीमा पाँच सय व्यक्ति बस्न सक्ने क्षमताको आवास, उनीहरू बसेर खान मिल्ने भान्साघर तथा डाइनिङ, प्रशिक्षार्थीहरूलाई आवश्यक पर्ने पानी, शौचालय, बेड तथा अन्य आवश्यक सामानहरू पूर्ण रूपमा उपलब्ध हुनुपर्ने उल्लेख छ ।

अहिले तालिम प्रदान गरिरहेका संस्थाहरू यी मापदण्डअनुसार असक्षम हुनेछन् । त्यसैले, मन्त्रालयले पहिलोपटक सूचना जारी गर्दा नै व्यवसायीले विरोध गरेका थिए । 'हामीसँग भएको मापदण्डलाई मिट नगर्ने गरी मन्त्रालयले मापदण्ड कार्यविधि बनाएको छ, यसले मन्त्रालयले कुनै निश्चित व्यक्ति वा संस्थालाई लक्षित गरी मापदण्ड बनाएको देखिन्छ,' नेपाल तालिम तथा रोजगार व्यवसायी संघका अध्यक्ष अच्युत नेपालले भने, 'विभागमा सूचीकृत भएर बसेका संस्थालाई अलपत्र पारेर नयाँ संस्थालाई अनुमति दिनुमा मन्त्रालयको बदनियतपूर्ण खेल हो भन्ने कुरा स्पष्ट हुन्छ । त्यसमा आपत्ति कार्यविधिविपरीत गएर मन्त्रालयले नयाँ पूर्वाधार मापदण्ड कार्यविधि ल्याउनु अनि मापदण्डमा अहिले भैरहेका तालिम प्रदायक संस्था नसमेटिनुमा मन्त्रालय र निश्चित व्यवसायीबीचको मिलेमतो देखिन्छ ।'

थप अनुसन्धानमा...

पृष्ठ १ बाट क्रमशः

तस्करीसमेत भएको हुँदा थप अनुसन्धान सिआइबीमार्फत गराउन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले गत १६ पुसमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयलाई आदेश दिएको थियो । सोही आधारमा भन्सारले १८ पुसमा प्रतिवादीको नामावली र उपलब्ध दसी-प्रमाणसहित घटनाको अनुसन्धान गर्न सिआइबीलाई पत्र लेखेको थियो । पत्र अपूरो भन्दै सिआइबीले थप अनुसन्धान थालेको छैन ।

भन्सारले घटनासँग सम्बन्धित अनुसन्धान प्रतिवेदन उपलब्ध नगराएका कारण अनुसन्धान प्रक्रिया अघि बढ्न नसकेको सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले बताइन् । 'घटना संगठित प्रकृतिको रहेको भन्दै अनुसन्धान गर्न भन्सारले हामीलाई पत्र पठाएको छ । केही दसी-प्रमाण पनि उपलब्ध गराएको छ । तर, अनुसन्धान भएको प्रतिवेदन भने उसले उपलब्ध गराएको छैन । त्यसो हुँदा अनुसन्धान प्रक्रिया अघि बढ्न नसकेको हो,' उनले भनिन् ।

भन्सारका कार्यालय प्रमुख डा. टोकराज पाण्डेले भने घटनाको बाँकी अनुसन्धान गर्न सिआइबीलाई पत्र लेखिएको, तर प्रतिवेदन पेस नभ-नभएको सम्बन्धमा जानकारी नभएको बताए । 'घटना संगठित प्रकृतिको देखियो । सरकारी वकिल कार्यालयले बाँकी अनुसन्धान सिआइबीलाई दिन भन्यो । हामीले सिआइबीलाई अनुसन्धान गर्न पत्र पठाइसकेका छौं । अनुसन्धान प्रतिवेदन उपलब्ध गराएको-नगराएको सम्बन्धमा भने जानकारी भएन,' उनले भने ।

भन्सारले सिआइबीलाई पठाएको पत्रमा 'प्रतिवादीहरूले सुन खरिद गर्न विदेशी मुलुकमा रकम पठाउन हुन्डी वा क्रिप्टो करेन्सी र मानव बेचबिखनसमेत गरेको हुन सक्ने देखिएको हुँदा सोको अनुसन्धान गर्न तपसिलमा उल्लेखित दसीसहित कार्यालयमा पठाइएको' उल्लेख छ । अनुसन्धान गरिनुपर्ने प्रतिवादीमा चन्द्र घले, मीनबहादुर घले, कृष्णकुमार श्रेष्ठ, शेरबहादुर बस्नेत, राधाकृष्ण श्रेष्ठ, लेकबहादुर तामाङ, अनिल श्रेष्ठ, विना गुरुङ, डिबी भनिने दनबहादुर गुरुङ उल्लेख छन् ।

गत २१ मंसिरमा विमानस्थलस्थित भन्सार कार्यालय र नेपाल प्रहरीको संयुक्त टोलीले १४ किलो सुनसहित चन्द्रबहादुर घलेलाई पक्राउ गरेको थियो । उनकै ब

संसद्मा मात्रै होइन, समितिका बैठकमा समेत उपस्थित हुँदैनन् सांसद

- कोरम नपुगेर स्थगित हुन थालेको कृषि समितिको बैठक बल्लतल्ल चल्यो
- राज्यव्यवस्था समितिमा संशोधनकर्ता नै उपस्थित भएनन्
- कोरम नपुगेर अन्तर्राष्ट्रिय समितिले विधेयकमा छलफल अगाडि बढाउन सकेन

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को हिउँदे अधिवेशन आह्वानसँगै संसदीय समितिले विधेयकको छलफललाई तीव्रता दिन खोजे पनि सकस परेको छ। खासगरी सांसदहरूको अनुपस्थितिले बैठक बस्न समस्या भएर छलफल चलाउन सकस भएको हो।

खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा दफावार छलफल गर्न सोमबार ११ बजे बोलाइएको प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठक सोमबार मुस्किलले बस्न सक्यो। समितिले विधेयकमा दफाबार छलफलका लागि नौजना संशोधनकर्ता सांसदलाई बोलाएको थियो। संशोधनकर्ता उपस्थित भइसक्दा पनि सांसदहरू नआउँदा कोरम नै पुगेन।

निर्धारित समयको ३० मिनेटसम्म कोरम नपुगेमा बैठक स्थगित गर्नुपर्ने नियम छ। तर, हिउँदे अधिवेशनका लागि विधेयक टुंग्याउनुपर्ने दबाबमा रहेकी कृषि समिति सभापति डा. आरजु राणा देउवाले चलाउनुपर्ने भन्दै अगाडि बढाइन्। एमाले सांसद रघुजी पन्तले विधि निर्माण गर्ने थलोमै सांसदले विधि मानेनन् प्रश्न उठ्ने भन्दै बैठक स्थगित गर्न अनुरोध गरे। उनले विधेयकमा छलफल चलाउँदा विभागीय मन्त्री पनि उपस्थित नभएको भन्दै प्रश्न उठाए। समितिले विधेयकको छलफलका लागि कृषि तथा पशुपक्षीमन्त्री बेदुराम भुसाल र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई बोलाएको थियो। कोरम पनि नपुगेको र मन्त्री पनि उपस्थित नभएको प्रश्नपछि सभापति देउवा दबाबमा परिन्, बैठक बुधबारका लागि सार्ने निष्कर्षमा पुगिन्। सभापतिले अर्को बैठक बुधबार राख्ने भनेर सांसदहरू उठेपछि वाणिज्यमन्त्री रिजाल कृषि समितिको हलमा प्रवेश गरे। रिजालले आफूहरू आइसकेको भन्दै छलफल अगाडि बढाउन अनुरोध गरे, वाणिज्यतर्फ सांसदहरूले उठाएका विषयमा जवाफ दिने जानकारी गराए।

त्यसपछि एमाले सांसद पन्तले चलाउन सकिन्छ, तर विधि मिच्ने कुरा मान्य नहुने बताए। सभापति देउवाले के गर्ने भनेर सोधेपछि पन्तले यो सभापतिले गर्ने निर्णय भएको जवाफ दिए। त्यतिवेलासम्म समितिमा १२ जना सांसद उपस्थित भइसकेका थिए। कोरम पुग्न एकजना सांसद आवश्यक थियो। सदस्य कुसुमदेवी थापा प्रवेश गरिन्, कोरम पनि पुग्यो। सभापति देउवाले मन्त्री पनि आउनुभयो, कोरम पनि पुग्यो, अब अगाडि बढौं भन्दा सांसद पन्तले मैले उठाएका कुरा थाती नै छन्, आगामी बैठकमा यी कुरालाई ध्यान दिइयोस्, तर अहिले अगाडि बढ्ने हो भने म कुरा राख्छु भनेर आफ्नो संशोधन प्रस्तुत गरे। बैठकको अन्तिममा सभापति देउवाले यो विधेयकलाई समितिले उच्च प्राथमिकताका निष्कर्षमा पुऱ्याउने भन्दै सबै सांसदको सक्रिय सहभागिताका लागि अनुरोध गरिन्।

यसअगाडि आइतबार अनुगमन तथा मूल्यांकनसम्बन्धी विधेयकको छलफलमा संशोधनकर्ता उपस्थित भएनन्। विधेयकमा छलफल गर्न राज्य व्यवस्था तथा सुशासन समितिले उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र सञ्चारमन्त्री रेखा शर्मालाई बोलाएको थियो, दुवै मन्त्री उपस्थित भए। तर, नौजना संशोधनकर्तामध्ये पाँचजना अनुपस्थित भएकाले विधेयकको छलफलले पूर्णता पाएन। समिति सभापति रामहरि खतिवडा संशोधनकर्ता सांसद उपस्थित नभइदिँदा अर्को दिन पनि चलाउने तयारीमा छन्। यसका लागि बुधबार बैठक राख्ने तयारी भइरहेको उनी बताउँछन्।



जेनतेन कोरम पुगेपछि सोमबार बसेको कृषि समितिको बैठक। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

यसअघि अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले अभिलेख संरक्षणसम्बन्धी ऐन २०४६ लाई संशोधन गर्न बनेको विधेयकको दफाबार छलफल गर्न १२ माघमा बैठक बोलाए पनि कोरम नपुगेर स्थगित भएको थियो। समिति सचिवालयका अनुसार २७ मध्ये नौ सदस्य मात्रै उपस्थित थिए। कोरम पुग्न ५० प्रतिशत संख्या उपस्थित हुनुपर्छ, अर्थात् १४ जना आवश्यक पर्छ। आवश्यक संख्या नपुगेपछि बैठक स्थगित गरेका सभापति राजकिशोर यादवले अधिवेशन बस्नुअगावै विधेयकमा छलफल टुंग्याउन खोजे पनि सकस परेको बताए। केही नेपाल ऐन संशोधन विधेयकमा छलफल चलाइरहेको कानुन न्याय तथा मानव अधिकार समितिमा पनि संशोधनकर्ता उपस्थित नहुँदा छलफल लम्बिएको छ। यो विधेयकमा ६० सांसदले संशोधन हालेका छन्। समिति सचिवालयका अनुसार बोलाएको दिन संशोधनकर्ता सांसद नआइदिँदा विधेयकको छलफल लम्बिरहेको छ। यद्यपि, शिक्षा समितिले सार्वजनिक सेवा प्रसारण विधेयक, विद्यालय शिक्षा विधेयकमा नियमित छलफल चलाइरहेको छ।

कृषि समितिमा चर्काचर्की

विधेयकको छलफलका क्रममा सोमबार कृषि समितिमा तनाव भएको छ। सभापति र मन्त्रीसँग सांसदहरूको चर्काचर्की परेको हो। छलफलका क्रममा संशोधनकर्ता सांसद गोकुल बाँस्कोटा र उद्योगमन्त्री रमेश रिजालबीच भनाभन भएको थियो। एमालेकी विद्या भट्टराईलाई समय दिँदा बाँस्कोटाले पालो मिचिएको विषयमा प्रश्न उठाउँदा मन्त्री रिजालले एउटै पार्टीबाट जो बोले पनि हुने भनेका थिए। त्यसपछि बाँस्कोटाले गठबन्धनबाट मन्त्री भएपछि अरू किन बोल्नुपऱ्यो, संशोधन किन राख्नुपऱ्यो, सभापतिको रुलिङ चल्छ कि मन्त्रीको भनेर प्रतिवाद गरेका थिए। मन्त्री रिजाल र सांसद बाँस्कोटाबीच भनाभन भएपछि सभापति आरजु राणा देउवाले स्थिति सम्हाल्दै एमालेकी भट्टराईलाई समय दिएकी थिइन्। भट्टराईले संशोधनकर्ता सांसदले संशोधन हालेको समयअनुसार नै क्रम मिलाएर समय दिने अभ्यास रहेको भन्दै समितिमा अभ्यास मिचिएकोमा सभापतिको ध्यानाकर्षण गराइन्। त्यसपछि बाँस्कोटाले समय पाएर बोलेका थिए।

बाँस्कोटापछि बोलेका नेमकिपाका प्रेम सुवाल र सभापति देउवाबीच चर्काचर्की नै पऱ्यो। प्रजातान्त्रिक समाजवाद व्यवहारमा देखिनुपर्ने, उत्पादनदेखि बजारमा वितरण तथा खपतसम्म स्वदेशी हुनुपर्नेमा जोड दिँदै उनले अहिले सबै नक्कली कुरा भइरहेको बताए। विधेयकमा राखेको संशोधनभन्दा बाहिर सुवालले कुरा राख्न थालेपछि सभापति देउवाले टुदी पोइन्टमा आउनुस् भनेर ध्यानाकर्षण गराउँदा सुवाल जंगिएका थिए। उनले आफू विषयवस्तुमै रहेको, सरकारलाई घोचेपछि विषयमा नरहेको भन्ने, गरिब जनताको कुरा नसुन्ने, पक्षपात गर्ने भनेर टेबल नै ठोकेका थिए। त्यसपछि मन्त्री र सभापतिले बस्नुस्, आफ्नो कुरा राख्नुस्, पक्षपात गरेको छैन भनेपछि सुवालले आफ्नो कुरा राख्दै टुंग्याएका थिए।

भिजिट भिसाको सेटिङमा संलग्न कर्मचारीको सम्पत्ति छानबिन गर्न सिफारिस

नयाँ पत्रिका

भिजिट भिसासम्बन्धी 'सेटिङ'मा संलग्न कर्मचारीको सम्पत्ति पनि छानबिन हुने भएको छ। अध्यागमन विभागका नौ अधिकृतको सम्पत्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गर्न प्रहरीले रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा पठाएको छ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले नौ अधिकृतसहित २२ जनाविरुद्ध संगठित अपराध र लिखतसम्बन्धी कसुरमा मुद्दा चलाउन आइतबार सरकारी वकिल कार्यालयमा प्रतिवेदन पेस गरेको हो। जसमध्ये नौ अधिकृतमाथि अख्तियारबाट र तीनजना बिचौलियालाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट थप अनुसन्धान गर्न सिफारिस भएको हो। सोही सिफारिसअनुसार अभियोग दाबी लिई बुधबारसम्ममा मुद्दा दायर गरिएको जिल्ला सरकारी वकिल कार्यालयका एक अधिकारीले बताए।

अध्यागमन अधिकृतहरू नरवीर खड्का, ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागोको सम्पत्ति छानबिन गर्न सिफारिस भएको हो। उनीहरूमध्ये खड्का थुनामा छन् भने अन्य फरार छन्। खड्काको खातामा सेटिङको पैसासमेत भेटिएको छ। उनले श्रीमतीको खातामा समेत पैसा लिने गरेको अनुसन्धानमा पुष्टि भएको छ। अन्य अधिकृतहरूसमेत लामो समयदेखि विमानस्थलमा कार्यरत रहेको र उनीहरूले यो धन्दाबाट अकुत सम्पत्ति आर्जन गरेको प्रहरी निष्कर्ष छ। एक दिनमै भिजिट भिसामा कर्मचारीलाई बिचौलियाले एक करोड रुपैयाँसम्म बुझाउने गरेको अनुसन्धानमा देखिएको छ।



पैसा लिएर माथिल्लो तहका कर्मचारीलाई बुझाउँदै आएका थिए। विमानस्थलका सबैजसो कर्मचारी सेटिङमा संलग्न देखिएको, तर बलियो प्रमाण भएकालाई मात्र प्रतिवादी बनाउन लागिएको काठमाडौं प्रहरी परिसरका एक अधिकृत बताउँछन्।

शुक्रबार प्रहरीसँग विवाद गरेका अध्यागमन अधिकृत छायालाल मोक्तान यसअघि पनि विमानस्थलमा पटक-पटक विवादमा परेका अधिकृत भएको खुलेको छ। यसअघि विमानस्थलमै कम्तीमा दुईपटक उनले अन्य निकायसँग झगडा गरेको विमानस्थल स्रोत बताउँछ। गत २६ पुसमा टर्मिनल ड्युटी अफिसर गोपाल घिमिरेमाथि समेत उनले कुटपिट गरेका थिए। डिपार्चर कक्षमा यात्रुहरूको भिड भएको विषयमा कुरा गर्न जाँदा सुरुमा हात हालेको र पछि माफी मागेको विमानस्थल स्रोत बताउँछ। त्यसअघि पास शाखाका कार्यरत कर्मचारी नारायण कोइरालासँग उनको झगडा भएको थियो। 'म अध्यागमनको अधिकृत हुँ, मलाई पास नदिने' भन्दै उनले झगडा गरेको थिए।

> अध्यागमन अधिकृतहरू नरवीर खड्का, ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागोको सम्पत्ति छानबिन हुने

शुक्रबार ड्युटी सकेर निस्किने क्रममा प्रहरीले खानतलासी गर्न खोज्दा उनले प्रहरी जवानलाई असहयोग गरी गाली गरेपछि विवाद भएको थियो। त्यसपछि कुटाकुट भएको थियो। विवाद हुँदा उनले सुरुमा लात्तीले प्रहरीलाई हानेको सिसिटिभी फुटेजमा देखिएको छ।

पछि सिसिक्यामेराको मोनिटर कक्षमा पनि कर्मचारी र प्रहरीबीच कुटाकुट भएको थियो। कर्मचारीहरूले भने प्रहरीले कुटेको विरोधमा आन्दोलन गर्ने चेतावनी दिएका छन्। गृह मन्त्रालयले सहसचिव थानेश्वर गौतमको अध्यक्षतामा छानबिन समिति बनाएको छ। समितिले मंगलबार प्रतिवेदन बुझाउने तयारी गरेको छ।

एकीकृत समाजवादीमा युवाको प्रतिनिधित्व २० प्रतिशत

काठमाडौं/ एकीकृत समाजवादीका महाधिवेशन प्रतिनिधि सबै निर्वाचित हुनुपर्ने भएको छ। केन्द्रीय अध्यक्षदेखि सबै पदाधिकारीसमेत महाधिवेशन प्रतिनिधि हुन निर्वाचित हुनुपर्नेछ। काठमाडौंमा आइतबार र सोमबार बसेको केन्द्रीय परिषद् बैठकले सबै प्रतिनिधि सम्बन्धित कमिटीले निर्धारण गरेका निर्वाचन क्षेत्रबाट निर्वाचित हुनुपर्ने निर्णय गरेको हो।

बैठकले उमेरहद नराख्ने निर्णयसमेत गरेको छ। पार्टीका सबै कमिटीमा समावेशिताको सिद्धान्तअनुसार युवाको प्रतिनिधित्व २० प्रतिशत हुने भएको छ। सबै कमिटी समावेशी हुने निर्णय भएको छ। आगामी जेठमा हुने महाधिवेशनपछि केन्द्रीय कमिटी १९९ सदस्यीय हुने भएको छ। हाल केन्द्रीय सदस्य करिब साढे तीन सय छन्। केन्द्रीय पदाधिकारीको संख्या १९ सदस्यीय हुनेछ। केन्द्रमा केन्द्रीय कमिटीका साथै पोलिटब्युरो र स्थायी कमिटी रहनेछन्। केन्द्रीय निकायमा राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरिक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च र केन्द्रीय परिषद् रहनेछन्। प्रदेश कमिटीको संख्या ७५ देखि ९९ सदस्यीय हुने भएको छ।

कर्मनासा खोलाको आठ रोपनीभन्दा बढी जग्गा हाउजिङको नाममा

सार्वजनिक जग्गा हाउजिङको नाममा ल्याउने सात सञ्चालक दोषी ठहर

नयाँ पत्रिका

ललितपुरस्थित कर्मनासा खोलाको जग्गा हाउजिङका नाममा गरेको विषयमा थप अनुसन्धान गरी मुद्दा चलाउन विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आदेश दिएको छ। सोमबार उक्त जग्गाको मुद्दामा सुनुवाइ गर्दै अदालतले सातजनालाई दोषी ठहर गरेको छ।

दोषी ठहर हुनेमा युरो हाउजिङ र युरो ल्यान्ड डेभलपर्सका सञ्चालक गुणीकाजी महर्जन, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बबिन मानन्धर र उज्वल मानन्धर छन्। उनीहरूलाई एक करोड २७ लाख १० हजार रुपैयाँको दामासाहीले हुन आउने १८ लाख १५ हजार रुपैयाँभन्दा बढी रकम जरिवाना हुने फैसला भएको छ। उनीहरूले मालपोतको निर्णयबाट जग्गा दर्ता श्रेस्ता सुधार गरी खोलासँग सन्निहित जग्गामा निजी लाभ प्राप्त गरेको विशेषको ठहर छ।

थप कर्मचारीहरूमाथि अनुसन्धान तथा अभियोजन गर्न अख्तियारका नाममा निर्देशनात्मक आदेश जारी भएको छ। साबिक हरिसिद्धि गाविस तथा हाल ललितपुर महानगरपालिका वडा नम्बर २८ र २३ स्थित कर्मनासा (कोड्कु) खोला तथा सो आसपासको सार्वजनिक जग्गा मिचेर हाउजिङ बनाइएको विषयमा अख्तियारमा उजुरी परेको थियो। यसरी आठ रोपनी १२ आना तीन पैसा दुई दाम सार्वजनिक जग्गा कम्पनीका नाममा दर्ता भएको भेटिएको थियो। यस क्रममा दुई करोड रुपैयाँभन्दा बढी बिगो कायम गरी मुद्दा चलाइएको थियो। यसै विषयमा विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले मुद्दा दर्ता भएको तीन वर्षपछि आंशिक ठहरको फैसला गरेको हो।

'नापी कार्यालय ललितपुरको ट्रायल चेकसमेतको प्रतिवेदनअनुसार मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४/८/२० मा जग्गाको बढ कायम गर्ने निर्णयमा संलग्न सरकारी कर्मचारीहरूलाई अभियोजनकर्ताबाट आरोपपत्रको पृष्ठ ४७ मा 'गलत ट्रायल चेक गरेको पाइएको देखिएको' भन्ने उल्लेख

■ ललितानिवास प्रकरण

१० दिनमा ३७ जनाको बहस सकियो, आज पनि गच्छदारका कानुन व्यवसायीले पैरवी गर्ने



काठमाडौं/ ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरेको विषयमा लगभग आधा प्रतिवादीहरूको बहस सकिएको छ। विशेष अदालतले १० दिनदेखि यो मुद्दा हेर्दाहेर्दैमा राखी सुनुवाइ गरिरहेको छ। अझै दुई साता यो मुद्दामा बहस हुने अनुमान विशेष प्रशासनको छ।

सरकारी जग्गा व्यक्तिको नाममा कायम गरी भ्रष्टाचार गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार वर्षअघि ६५ जग्गाधनीसहित एक सय ७५ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। यसमाथि २ माघबाट विशेषका सदस्यत्रय खुसीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापको इजलासमा सुनुवाइ भइरहेको छ।

पूर्वमन्त्रीहरू, उच्चपदस्थ सरकारी कर्मचारी तथा बिचौलियासमेतलाई उक्त मुद्दामा प्रतिवादी बनाइएको छ। हालसम्म आधा प्रतिवादीका कानुन व्यवसायीले बहस गरिसकेका छन्। केही हाइप्रोफाइल व्यक्तिहरूका भने आधा दर्जनभन्दा बढी कानुन व्यवसायी रहेका कारण पनि सुनुवाइ लम्बिएको हो।

विशेषले अभियोगपत्रमा रहेको प्रतिवादीको क्रमानुसार बहस गर्न भने पनि विभिन्न कारणले सोअनुसार बहस हुन सकेको छैन। एउटै कानुन व्यवसायीले एकभन्दा बढी प्रतिवादीका तर्फबाट बहस गरिरहेका छन् भने कतिपय प्रतिवादीले आधा दर्जनभन्दा बढी वकिल राखेका छन्। विशेष अदालतका एक अधिकृत भन्छन्, 'हामीमध्ये कतिले बहस गर्नुभयो, कतिका तर्फबाट बहस सकियो भनेर तत्काल गणना गरेका छैनौं। आधा जति प्रतिवादीको तर्फबाट बहस सकिएको छ।' आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख दीप बस्न्यातका कानुन व्यवसायीले बहस गरेका थिए भने सोमबार पूर्वमन्त्री विजयकुमार गच्छदारका वकिलले उनका तर्फबाट पैरवी गरे। अन्तिममा अधिवक्ता ललितकुमार बस्नेतले बहस गर्दैगर्दा समय अपुग भएपछि मंगलबार पनि उनैले गच्छदारका तर्फबाट बहस गर्ने भएका छन्। उनले मुद्दा चलाउन अन्तर्राष्ट्रिय अभ्यासलगायतका जिकिर गरेका थिए।

गरेको, तर सो निर्णयमा जिम्मेवार (संलग्न) पदाधिकारी र व्यक्तिहरूको हकमा समेत पुनः अनुसन्धान गरी आवश्यक कारबाही गर्नू भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ,' आदेशमा छ। मालपोत तथा नापीका कर्मचारीलाई प्रलोभनमा पारेर युरो हाउजिङ डेभलपर्सका सञ्चालकले मिलेमतोमा ०२२ को नक्सा तोडमोड गरी सार्वजनिक जग्गालाई कम्पनीका नाममा ल्याएको अनुसन्धानबाट देखिएपछि अख्तियारले २६ पुस ०७७ मा मुद्दा चलाएको थियो। अभियोगपत्रमा नापी कार्यालय ललितपुरका कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्वेक्षक केशव थापा मगरलाई विपक्षी बनाई मुद्दा दायर गरेको थियो। जसमा मालपोत कार्यालयका तत्काल प्रमुख तथा उपसचिव बाबुराम खनाल, नायब सुब्बा ख्यामनारायण पौडेल तथा दिनेश न्यौपाने र खरिदार आत्माराम लुइँटेल, काठमाडौं अस्पतालका सञ्चालकहरू ईश्वरलाल आचार्य, दुर्गामान जोशी र दुर्गेश नन्दिनी भट्टचनलाई पनि प्रतिवादी बनाइएको थियो। जग्गा बिक्री हुँदै गर्दा हाल कायम रहेका ३३ जना जग्गाधनीहरूलाई पनि अख्तियारले जफत प्रयोजनका लागि प्रतिवादी बनाएको थियो।

आजबाट वडा तहमा कांग्रेस अभियान

काठमाडौं/ सांगठनिक सुदृढीकरणको लक्ष्यसहित मंगलबारबाट 'समुदायमा कांग्रेस' अभियानअन्तर्गत ६५ जिल्लामा कांग्रेस वडा तहमा केन्द्रित हुने भएको छ। 'समुदायमा जाऔं, जनताका कुरा सुनौं' नारासहित अभियान २६ माघसम्म सञ्चालन हुनेछ। कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले १० हिमाली र दुई भूकम्प प्रभावित जिल्लाबाहेक ६५ जिल्लाका सबै वडामा एकसाथ अभियान सुरु हुन लागेको जानकारी दिए। अभियान नहुने हिमाली जिल्लामा सोलुखुम्बु, खोटाङ, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट र दैलेख छन्। भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा पनि अभियान हुनेछैन। अभियानका लागि कांग्रेसले जिल्लामा केन्द्रीय प्रतिनिधि र त्यसबाहेक समन्वयका लागि केन्द्रबाट छुट्टै टोलीसमेत पठाएको छ। 'अभियानका लागि हिमाली जिल्ला र भूकम्प प्रभावित दुई जिल्लामा अभियान राखिएको छैन। अभियान हुने जिल्लामा केन्द्रीय प्रतिनिधि पुगिसक्नुभएको छ। अभियानलाई अझै प्रभावकारी बनाउन समुदायको बीचमा पुग्न र संवाद गर्न केन्द्रबाट छुट्टै टोली पनि पठाइएको छ,' पौडेलले भने।

Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Infrastructure Development Office, Jhapa

Koshi Province, Nepal

Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites electronic bids for the following works under National Competitive Bidding procedure.

First Date of publication : 30th January 2024 (Magh 16, 2080)
Last Date of Bid Submission : 29th February 2024 (Falgun 17, 2080) at 12:00 Noon

S.N.	Description of Works
1	Upgrading of Ilam Rangvang Golai-Gauri Gau-Sikari Gau-Baudhatol-Barvanjyang Road, Suryodaya , Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-53/080-81)
2	Upgrading of Gorkhedhap- Sanischare -Jogmai -Sankhabung Gumba- Naya Bazar Road Su. Na.Pa., Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-54/080-81)
3	Upgrading of Su.Na.Pa. 14 Hajure Katuwal Vanjyang-Bardu-Kabune-Simle - Rong-2 Road, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-55/080-81)
4	Construction of Culvert at Lebok-Sundarbesi-Fikkal Road, Suryodaya , Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-56/080-81)
5	Upgrading of Various Roads within Ilam Municipality ward no 2 and 6, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-57/080-81)
6	Upgrading of Various Road within Deumai Municipality Ward no-2,3,5,7, Illam (Contract ID: IDO-JHP/W/NCB/MR-58/080-81)
7	Upgrading of various road within Ilam Municipality ward no 4,8 and 12,Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-59/080-81)
8	Upgrading of Various Road within Birtamode Municipality 2, 4 & 5 (Contract ID: IDO-JHP/W/NCB/MR-60/080-81)
9	Upgrading of Various Road within Ilam Municipality ward no-10, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-61/080-81)
10	Upgrading of Various Road within Suryodaya Municipality wada Number-4, Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-62/080-81)

All interested bidders may visit the website www.bolpatra.gov.np/egp for the detail information.

Office Chief

ओझेलमा परेका सहिदलाई सम्झौं

सहिद दिवस मनाउँदै गर्दा राष्ट्रका लागि आत्मबलिदान दिने ओझेलमा परेका सहिदलाई पनि हामीले सम्झनुपर्छ



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख

देशमा प्रजातन्त्र ल्याउन सहिदहरूको ठूलो योगदान छ। नेपालमा अक्सर चार सहिद गंगालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराज शास्त्रीको नाम लिइन्छ। उनीहरूबाहेक ओझेलमा परेका अन्य सहिदको नाम स्कुल कलेजका विद्यार्थी तथा सामान्य जनलाई कमै मात्रामा थाहा छ। यस्ता ओझेलमा परेका लखन थापा मगर, चिनियाँलाल सिंह, भीमदत्त पन्त, दुर्गानन्द झा तथा अन्य थुप्रै सहिद छन्। जिउँदो सहिदका रूपमा चिनिने टंकप्रसाद आचार्य र रामहरि शर्मा हुन्। उहाँहरूसँगै राणाशासनविरोधी अभियोगमा परेका चिनियाँलाल सिंह, गोविन्दप्रसाद उपाध्याय, चूडाप्रसाद शर्मा, सिद्धिचरण श्रेष्ठ, धर्मरत्न यमी, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, पुष्करनाथ उप्रेती, फत्तेबहादुर सिंह, बलबहादुर पाण्डे, पण्डित मुरलीधरलगायतलाई जन्मकैदसहित सर्वस्वहरणको सजाय भएको थियो। जनमानसमा जानकारी नपुऱ्याइएकाले यिनको चर्चा ओझेलमा परेको छ। यस्ता ओझेलमा परेका सहिदमध्ये चिनियाँलाल सिंहको नाम अग्रभागमै आउँछ। लखन थापा मगर पहिलो सहिदका रूपमा चिनिन्छन्। उनीहरूको योगदानलाई पनि स्मरण गर्नु र प्रकाश पार्नु आवश्यक हुन्छ।

चार सहिद : नेपालको प्रजातान्त्रिक इतिहासमा चार अमर सहिदले जहानियाँ राणाशासनको अत्याचारविरुद्ध आवाज उठाएका थिए। राणाशासनको विरोध गरेको अभियोगमा शुक्रराज शास्त्रीलाई १९९५ मंसिर १३ गते पक्राउ गरी १९९७ माघ १० गते टेकु पचलीस्थित खरीको बोटमा झुन्ड्याएर मारियो। धर्मभक्त माथेमालाई १९९७ कात्तिक २ मा पक्राउ गरी माघ १२ गते सिफलमा बकाइनाको रुखमा झुन्ड्याइयो। दशरथ चन्द र गंगालाल श्रेष्ठलाई पनि त्यसै दिन पक्राउ गरी नरशमशेर राणाले दुवैलाई शोभा भगवतीको दुई लठ्ठामा बाँधी गोली हानेर माघ १४ गते मृत्युदण्ड दिइयो। शुक्रराज, दशरथ चन्द र धर्मभक्तलाई राजद्रोहको अभियोगमा र गंगाललाललाई टुँडीखेलको खरिबोट खुलामञ्चमा राणाशासन मुर्दावाद भनी भाषण गरेको अभियोगमा पक्राउ गरी मारिएको थियो। यी चारै सहिदको सम्झनामा प्रत्येक वर्ष सहिद सप्ताहका समयमा उनीहरूलाई जहाँ झुन्ड्याइएको र गोली हानिएको थियो, त्यसै स्थानमा काठमाडौं महानगरपालिकाले कार्यक्रम गर्ने गरेको छ।

पहिलो सहिद लखन थापा मगर : नेपालका प्रथम सहिद लखन थापा मगरको जन्म संवत् १८९१ मा हालको गोरखा जिल्ला सहिद लखन गाउँपालिका वडा नं. ७ स्थित काहुले भन्ज्याङमा भएको थियो। आफ्नो देशको राष्ट्रियता, स्वाभिमान, स्वतन्त्रतालाई जोगाउने र तिनको संरक्षण तथा संवर्द्धन गर्ने लखनको उत्कट इच्छा थियो। मातृभूमिप्रति बफादार भई राष्ट्रका लागि मरिमेट्ने अभिलाषा उनको हृदयमा थियो। सामान्य ज्ञानका जानकारदेखि इतिहासकारले सर्वमान्य रूपमा नेपालका प्रथम सहिद लखन थापा मगर हुन् भन्ने गरेका छन्। यिनले राणाशासनको पहिलोचोटि जनस्तरबाट विरोध गरेका थिए, त्यो पनि जंगबहादुरकै पालामा। १९३३ फागुन २ गते जंगबहादुरको आदेशमा क्रूरतापूर्वक मनकामना मन्दिरअगाडिको रुखमा उनलाई झुन्ड्याइएको थियो। उनले नेपालको राजनीतिक इतिहासमा पहिलो जनविद्रोहीको स्थान ओगटेका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहालले यही १ माघको माघी पर्वका अवसरमा मगर समुदायले काठमाडौं टुँडीखेलमा आयोजना गरेको चाडपर्व समारोहलाई सम्बोधन गर्दै भनेका छन्, 'निरंकुशताविरुद्ध गरेको संघर्षका लागि सहिद लखन थापालाई राष्ट्रिय वीर घोषणा गर्ने पहल गर्न सरकार सकारात्मक छ। यसबाट निरंकुशता तथा अधिनायकवादविरुद्ध लड्ने र नेपालमा लोकतन्त्र ल्याउन जीवन बलिदान दिने सबै सहिदलाई मात्र नभई देशका क्रान्तिकारी आन्दोलन र राजनीतिक योद्धालाई पनि सम्मान पुग्नेछ।' सहिद लखन थापाको सम्झनामा लखन थापा स्मृति प्रतिष्ठानले वेलाबखत कार्यक्रम गर्ने गरेको छ।

शिक्षा प्रचारक चिनियाँलाल सिंह : १९९७ कात्तिक २ गते चिनियाँलाल सिंहलाई पनि गंगालाल तथा दशरथ चन्दका साथमा पक्राउ गरिएको थियो। सिंहलाई सिंहदरबार क्याम्पमा यातना दिएर थुनियो। चिनियाँलाल सिंहलाई आजीवन कारावास र सर्वस्वहरणको सजाय दिइयो। उनलाई भद्रगोल जेलमा थुनियो।

सहिद चिनियाँलाल सिंहलाई जेलको अस्वस्थकर वातावरणका कारण रोग लाग्यो, टाउको असाध्यै दुख्ने, आँखा रातारात हुने, ज्वरो आउने समस्या भयो। डाक्टरले जाँच गर्दा उनलाई विषम ज्वरो (टाइफाइड) भएको शंका गरे। औषधिमूलो गर्न दिइएन। रोगले झन्झन् च्याप्यो। बाहिर रहेका परिवारका नाता तथा अन्य व्यक्तिहरूको पहलमा राणाहरूले २००१



सन्दर्भ : सहिद दिवस

असार २६ गते बल्लतल्ल जेलबाहिर लैजाने इजाजत दिए। तर, सिंह अन्तिम अवस्थामा पुगिसकेका रहेछन्। उपचार गर्ने कुरै रहेन। त्यसैले जेलबाट सीधै कालमोचन घाटतर्फ लगियो। घाटे वैद्यले बचाउन सकेनन्। ४-५ घन्टापछि ३८ वर्षको अल्पायुमै सिंहको निधन भयो। उनको जन्म १९६३ असार १७ गते बागेमुढा खिउँल टोलमा भएको थियो।

सिंहले संवत् १९९३ को महाशिवरात्रिका दिन बागेमुढाको आफ्नै घरमा महावीर इन्स्टिच्युट शैक्षिक विद्यालयका रूपमा विधिवत् स्थापना गरेका थिए। सरकारीस्तरको दरबार स्कुलपछि निजी क्षेत्रको देशको दोस्रो विद्यालयका रूपमा यो संस्था स्थापना गरिएको थियो। सुरुमा सहिद चिनियाँलाल सिंहले टोलका चिनेजानेका छरछिमेकका इष्टमित्र १० जना केटालाई घरमा जम्मा गरेर पढाउने गर्थे।

> हामीले सहिदको बलिदान र योगदानको कदर गर्दै आफूले उनीहरूबारे जाने-बुझेका कुरा कत्ति पनि कन्जुस्याइँ नगरी नयाँ पिँढीसमक्ष जानकारी गराउनु पनि सहिदहरूप्रतिको सच्चा सम्मान नै हो

यस संस्थाको उद्देश्य नेपालमा शिक्षाको ज्योति जगाउने, नेपाली जनतालाई जागरुक बनाउने, जनताको हकअधिकारबारे जनचेतना जगाउने तथा सामन्ती व्यवस्थामा जकडिएको समाजलाई उद्धार गर्ने र निरंकुशतालाई समाप्त पार्ने रहेको थियो। इन्स्टिच्युटका शिक्षकमध्ये सहिद गंगालाल, धर्मभक्त माथेमा, पूर्णबहादुर एम्ए, चन्द्रप्रसाद प्रधान, हरिभक्त श्रेष्ठ, बद्रीप्रसाद उपाध्याय, मधुसुदन देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ, खड्गमान मल्ल, बुद्धिप्रसाद शर्मा आदि थिए। विद्यार्थीमध्ये पुष्पलाल श्रेष्ठ, माणिकलाल श्रेष्ठ, प्रयागराज जोशी, ईश्वरीमान श्रेष्ठ, प्रभुनरसिंह राणा, जानकीप्रसाद प्रधान, जीवनलाल सत्याल, भुवनलाल जोशी, चितरञ्जन नेपाली, ईश्वरलाल श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, गोपालप्रसाद उपाध्याय आदि थिए।

सिंहका सन्तति डा. मवि सिंहको संरक्षकत्वमा 'चिनियाँलाल सिंह उषा सिंह स्मृति प्रतिष्ठान' स्थापना गरिएको छ। प्रतिष्ठानका तर्फबाट वर्षमा पाँच कार्यक्रम गर्ने गरिएको छ। केही महिनाअघि नेपालका अमर सहिदहरू समेटी ६० लेखकद्वारा लिखित चार सय पृष्ठको 'सहिद स्मृति ग्रन्थ' नामक पुस्तिका प्रकाशित गरिएको छ।

जिउँदो सहिद : टंकप्रसाद आचार्य र रामहरि शर्मा जिउँदो सहिदका रूपमा चिनिन्छन्। राणाशासनविरोधी अभियोगमा पक्राउ परेका चार सहिद हत्या गरिएको वेला उहाँहरूसँगै टंकप्रसाद आचार्य र रामहरि शर्मालाई ब्राह्मण भएकाले चारपाटा मुडेर जातच्युत गरी सर्वस्वहरणसहित मृत्युदण्डसमानको जन्मकैदको सजाय दिइएको थियो। नेपालमा प्रजातन्त्र आई राणाशासन फालिएपछि उनीहरू जेलबाट छुटेका थिए। यसरी मृत्युदण्डबाट जोगिएका हुनाले उनीहरूलाई जिउँदो सहिद भनिएको थियो।

आचार्यको जन्म १९६९ मंसिर १७ गते भएको र मृत्यु २०४९ वैशाख ११ मा भएको थियो। उनी प्रजातन्त्रवादी नेता, नेपालको जेठो राजनीतिक पार्टी नेपाल प्रजा परिषद्का संस्थापक अध्यक्ष एवं नेपालका पूर्वप्रधानमन्त्री हुन्। प्रत्येक माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह र माघ १६ लाई सहिद दिवस मनाउने क्रम उनकै प्रधानमन्त्रीकालमा सुरु भएको थियो। उनकी छोरी डा. मीना आचार्यको संरक्षकत्वमा टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान सञ्चालन गरिएको छ। प्रतिष्ठानका तर्फबाट वेलाबखत राष्ट्रियता, स्वाधीनता, भौगोलिक अखण्डतासम्बन्धी कार्यक्रम गर्ने गरिएको छ। रामहरि शर्मा १९७३ कात्तिकमा ललितपुरको टौखेल गाउँमा जन्मिएका थिए। 'हाम्रो देशमा विद्यमान राणाहरूको मनपरीतन्त्र सितिमिती हट्ला जस्तो छैन। यसलाई हटाउन सकियो भने यस ठाउँमा प्रजातान्त्रिक परिपाटीको स्थापना गरेर कानुनद्वारा नै यी सबै तहका सामन्तहरूको अन्त्य गर्न सकिन्छ' भन्ने उनको अवधारणा थियो। शर्माको मृत्यु २०७४ असोज २४ मा भएको थियो।

किसान समर्थक भीमदत्त पन्त : भीमदत्त पन्तको जन्म १९८३ मंसिर १० गते डडेल्धुराको अमरगढी नगरपालिका-१० मा भएको थियो। डडेल्धुराको साबिक आलिताल र डोटीको छतिवन गापाको सिमाना गल्लेखमा खाना खाइरहेका वेला नेपाल र भारतका सेनाले घेरा हालेर गोली हानी २०१० साउन १७ गते उनी मारिएका थिए।

नेपालमा गरिब, दलित, जनजाति तथा किसानलाई संगठित गरी राणाविरोधी आन्दोलनमा समेत भीमदत्तको ठूलो भूमिका थियो। उनको नारा नै थियो- 'कि त जोत हलो, कि त छोड थलो, होइन भने अब छैन भलो' तथा 'जसको जोत उसको पोत, कमैया प्रथा उन्मूलन गरौं' जस्ता नारा घन्काउँदै सशक्त रूपमा किसान आन्दोलन गर्ने विद्रोही भीमदत्तले किसानको हकहितमा आवाज उठाएका थिए।

सहिद भीमदत्त पन्तबारे अन्यत्रको कुरा छोडौं, उहाँको कर्मथलोका पनि धेरै मानिसलाई थाहा छैन। अहिले कञ्चनपुर महेन्द्रनगर भीमदत्त नगरपालिका-१८ को सालिकमा उनी सीमित छन्। सहिद दिवस मनाउँदै गर्दा राष्ट्रका लागि गहन योगदान दिने ओझेलमा परेका सहिदहरूलाई पनि हामीले सम्झनुपर्छ।

अत्यमा, तत्कालीन एकतन्त्रीय क्रूर जहानियाँ राणाशासनविरुद्ध सहिदहरूले आफ्नो जिउज्यानको बलिदान नदिएको भए नेपाल अहिलेको अवस्थामा आइपुग्ने थिएन। हामीले बोल्ने, लेख्ने, मनमा लागेको कुरा सुनाउन पाउने थिएनौं होला। त्यसैले हामीले उनीहरूको बलिदान र योगदानको कदर गर्दै आफूले उनीहरूबारे जानेबुझेका कुरा कत्ति पनि कन्जुस्याइँ नगरी नयाँ पिँढीसमक्ष जानकारी गराउँदै जानुपर्छ। राष्ट्रमा प्रजातन्त्र ल्याउन, शिक्षाको ज्योति बाल्न आफ्नो जिउज्यानको पर्वाह नगर्ने प्रकाशमा आएका तथा ओझेलमा परेका र गुमनाम रहेका समस्त अमर सहिदबारे पनि सोधीखोजी गर्दै अध्ययन अनुसन्धान गर्दै गराउँदै उनीहरूको योगदान उजागर गर्नुपर्छ। सरकारले ओझेलमा परेका सहिदहरूको पनि कदर गर्दै उनीहरूको योगदान प्रकाशमा ल्याउनुपर्छ।

---

३ प्रश्न

पूर्वकार्यवाहक महालेखा परीक्षक **सुकदेव भट्टराई** खत्रीलाई



पूर्वराष्ट्रपतिलगायत पूर्वविशिष्ट पदाधिकारीले राज्यबाट लिइरहेको सुविधा कत्तिको जायज छ ?

यो राज्यस्रोतको दोहन हो। यसबाट देशलाई थप आर्थिक भार पर्छ। जनतामाथि अन्याय हुन्छ। हाम्रोजस्तो गरिब देशका पूर्वपदाधिकारीले महँगा गाडी, घरभाडा र सुरक्षाकर्मीको दस्ता लिनु हुँदैन। यो राजश्वको गम्भीर दुरुपयोग हो। यसले विकासका कामलाई समेत प्रभावित पार्छ। पूर्वराष्ट्रपति मात्र होइन, पूर्वप्रधानन्यायाधीशहरूले पनि अवकाश हुने बेला महँगा गाडी किनेर लगेको सुनिन्छ। अन्य पूर्वपदाधिकारीले पनि मन्त्रिपरिषद्बाट पटके निर्णय गर्दै सुविधा लिइरहेका छन्। यो चरम आर्थिक विसंगति हो। यसमा सुधार जरुरी छ।

यस्तो सुविधालाई कसरी व्यवस्थित गर्न सकिएला ?

यसको विकृति बजेट निर्माणबाटै सुरु हुन्छ। बजेटमा ठूलो रकम भइपरी आउने खर्चमा राखेर आफूअनुकूल निर्णय गरेर यसरी सुविधा दिने गरिएको छ। त्यसकारण बजेटबाटै यस्ता विकृतिमा सुधार गर्नुपर्छ। बजेटलाई सिद्धान्तअनुसार मात्र खर्च गर्नुपर्छ। आफूनै हात जगन्नाथको नीतिले यस्तो विकृति बढेको हो।

प्रशस्त सम्पत्ति भएका पूर्वपदाधिकारीले यस्ता सुविधा लिन्नें भन्नुपर्ने होइन ?

पूर्वराष्ट्रपतिजस्ता व्यक्ति समाजमा 'रोल मोडल' बन्नुपर्ने हो। देशको अवस्था हेरेर पनि उहाँहरूले अनावश्यक सुविधा लिन्नँ भन्न सक्नुपर्ने हो। तर दुर्भाग्य, कसैले पनि त्यस्तो त्याग गर्न सकेको देखिएन। यसरी उच्च पदमा रहेकाहरूबाटै आर्थिक अनुशासनको उल्लंघन हुनु दुःखद हो। यस्तो प्रवृत्तिले देशमा थप गलत कामलाई प्रोत्साहन गर्न सक्छ। यसलाई तत्काल रोक्नुपर्छ।

प्रेरक प्रसंग

जीवनको अनमोल पाठ

एकपटक गुरुकुलका एक शिक्षक सम्पन्न परिवारबाट आएका एक शिष्यका साथ कतै घुम्न निस्किए। उनीहरूले बाटामा पुरानो एकजोर जुत्ता देखे। सायद, ती जुत्तानजिकैको खेतमा काम गर्न गएका कृषि मजदुरका थिए होलान्। शिष्यलाई रमाइलो गर्न मन लाग्यो। उनले गुरुसित भने- गुरुदेव हामी यो जुत्तालाई कतै लुकाईदिएर झाडीमा लुकौं न। जुत्ता नदेखेपछि ती मजदुरले आत्तिएर यताउता खोज्दै गरेको दृश्य हेर्न रमाइलो हुन्छ।

शिक्षकले गम्भीर हुँदै भने- कुनै गरिब मजदुरलाई यसरी जिस्क्याउनु ठीक हुँदैन। बरु हामी यी जुत्तामा केही सिक्का हालिदिऊँ। अनि, त्यो देख्दा मजदुरमा कस्तो प्रभाव पर्छ ? तिमीले भनेजस्तै झाडीमा लुकेर हेरौं, हुन्न ? हस् गुरुदेव, भन्दै शिष्यले दुवै जुत्तामा केही सिक्का राखिदिए। दुवै गुरुशिष्य नजिकको झाडीमा लुटेर मजदुरको प्रतीक्षा गर्न थाले। एकैछिनमा आफ्नो काम पूरा गरेर मजदुर जुत्ता राखिएको स्थानमा आए। जब उनले आफ्नो एउटा खुट्टा जुत्तामा घुसारे, उनलाई कुनै कडा वस्तुको अनुभव भयो। उनले दुवै जुत्ता हातमा उठाएर हेरे। त्यहाँ केही सिक्का थिए। यो देख्दा उनी घोर आश्चर्यमा परे। उनी ती सिक्कालाई ओल्टाई-पल्टाई हेर्न थाले।

उनले यताउता सबैतिर आँखा डुलाए। तर, टाढा-टाढासम्म कोही देखिएन। उनले ती सिक्का आफ्ना खल्तीमा हाले। मजदुर भावविभोर भए। उनले हात जोडेर माथितिर हेर्दै भने- हे भगवान्! गम्भीर संकटको समयमा यसरी मलाई सहयोग गर्ने अनजान सहयोगीलाई मेरो लाख-लाख धन्यवाद छ। तिनैको सहयोगका कारण अब मैले मेरी बिरामी पत्नीका लागि औषधि र खानाको व्यवस्था गर्न सक्ने भएँ। मजदुरको भनाइ सुन्दा शिष्यका आँखा आँसुले भरिए। शिक्षकले ऊतिर हेर्दै भने- के तिमीले जुत्ता लुकाईदिँदा प्राप्त हुनेजति खुसी सिक्का हालिदिँदा पायौ त ? शिष्यले शिर झुकाउँदै भने- आज हजुरले मलाई जीवनकै अनमोल पाठ पढाउनुभयो। यसलाई म जीवनभर भुल्नेछैन। जीवनमा कसैबाट केही लिनुभन्दा दिनुको आनन्द कैयौं गुणा बढी हुँदो रहेछ भन्ने ज्ञान पाएँ गुरुदेव मैले। यो अनमोल ज्ञानका लागि हजुरलाई मुरीमुरी धन्यवाद!

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

घर हुने पूर्वराष्ट्रपतिलाई घरभाडा ?

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई सरकारले मासिक एक लाख ९४ हजार घरभाडा दिँदै आएको रहेछ। तर, डा. यादवको ललितपुरमा आफ्नै भव्य भवन छ। आफ्नै घर हुने पूर्वराष्ट्रपतिले खुरुक्क आफ्नै घरमा बसे हुँदैन ? किन घरभाडाका नाममा राज्यकोष रित्याउनुपऱ्यो ? मासिक एक लाख ९४ हजार बरु गरिब जनताको स्वास्थ्य सेवामा खर्च गर्न सके कति राम्रो हुँदो हो ? के यस विषयमा डा. यादवले केही सोचेका छैनन् ? उनले जनताबाट सम्मान पाइराख्ने हो भने भाडाको घरबाट आफ्नै घरमा सर्नुपर्छ। र, राज्यकोषबाट लिँदै आएको घरभाडा लिन तत्काल बन्द गर्नुपर्छ।

● **उमा महतो**, बखुन्डोल, ललितपुर

पूर्वभिआइपीलाई सुविधा किन ?

राज्यले पूर्वभिआइपीलाई त्यति ठूलो सुविधा किन दिनुपऱ्यो ? उनीहरू पदमा छँदा सबैभन्दा बढी तलब खाने गर्थे ? सोही तलब बचाएर भविष्यका लागि खर्च गर्नुपर्ने होइन र ? यसरी सुविधा नभई बाँच्नै नसक्ने भए त बरु विगतमा राजनीति नगरी अन्य पेसामा लागेर धन कमाउने बाटो समातेको भए भइहाल्थ्यो नि ! जनताको सेवाका लागि राजनीति गरेको भन्नेले यति मोटो सुविधा लिनु राज्यकोषको दोहन होइन ?

● **अपूर्व तामाङ**
सामाखुसी, काठमाडौं

कोशीमा राज्यकोष लुट्ने खेल

प्रदेश संरचना बोझिलो भयो, अत्यधिक खर्चिलो भयो, यसलाई खारेज गर्नुपर्छ भन्ने माग आमजनस्तरबाट उठिरहेको समयमा कोशी प्रदेश सरकारले प्रदेश संसद् छलेर अध्यादेशमार्फत पूर्वमुख्यमन्त्री तथा दलहरूका नेतालाई समेत गाडीसहितका सरकारी सुविधा दिने व्यवस्था मिलाएको समाचार पढ्दा केही नलेखी बस्नै सकिएन। यो देशमा संघीयता यदि खारेज हुन्छ भने त्यो दलका नेताहरूको यही लुटपाटे शैलीकै कारण हुने पक्का छ। यस्तो खेल तत्काल बन्द गर।

● **अविज्ञा कार्की**
टौदह, काठमाडौं

चोर बाटो रोकौं

०७४ र ०७९ को प्रतिनिधिसभा चुनावमा लगातार पराजित भएर झन्डैझन्डै राजनीतिक जीवन समाप्त हुन लागेका काग्रेस नेता कृष्णप्रसाद सिटौला अन्ततः चोर बाटोबाट राष्ट्रिय सभामा पुगेका छन्। यो चोर बाटो प्रयोग गर्नबाट रोक्न निर्वाचन आयोगले सुधारिएको विधेयकको मस्यौदा गरी सबै राजनीतिक पार्टीमा पठाएको थियो। जसमा प्रतिनिधिसभाको आवधिक चुनावमा पराजित भएको व्यक्ति सोही अवधि अर्थात् पाँच वर्षसम्म सोही पदमा (प्रतिनिधिसभा र राष्ट्रिय सभा) चुनाव लड्न नपाउने व्यवस्था गरिएको थियो। तर, सो मस्यौदा ठूला पार्टीले पारित गर्ने चाहेनन्। परिणामतः यो चोर बाटो अद्यापि जीवितै छ। जसबाट चुनाव हारेका नेतालाई व्यवस्थापन गर्न सहज भइरहेको छ।

निर्वाचन आयोग यो चोर बाटो बन्द गर्न चाहन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीले पनि यो बाटो बन्द गर्न पहल गर्ने बताइरहेको छ। तर, जबसम्म ठूला पार्टीका ठूला नेतामा चेत पलाउँदैन, तबसम्म यो चोर बाटो बन्द हुन सक्दैन। निर्वाचनमा सुधार नचाहने पार्टीलाई अब ०८४ को चुनावमा मतदाताले नै सुधार गर्नुपर्छ। अनि मात्र यो चोर बाटो प्रयोग गरी हारेका नेताहरू पुनः सत्ता र संसद्मा फुग्न सक्दैनन्।

सिटौला सांसद बन्न मात्र पक्कै आएका होइनन्। उनको महत्त्वाकांक्षा ठूलो छ। अब उनीसामु दुई विकल्प छन्- पार्टी सभापति देउवालाई फकाएर सरकारमा जाने कि राष्ट्रिय सभाको अध्यक्ष पदमा ६ वर्ष सम्मान खाएर बस्ने ? हेरौं, उनले कुन विकल्प रोज्नेछन् ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

हुथीलाई बमबारीबाट सखाप गर्न सकिँदैन

'एक्सिस अफ रेसिस्टेन्स (प्रतिरोध धुरी)' इरान समर्थित लडाकु समूह मात्रै होइन, वैचारिक गठबन्धन नै हो



देश/विदेश

● अमाल साद

इतिहासमा इजरायल र अमेरिकाविरुद्ध 'एक्सिस अफ रेसिस्टेन्स (प्रतिरोध धुरी)'ले थालेको युद्ध एउटा गैरराज्य समुह अर्थात् हमासको रक्षार्थ गैरराज्य समूहको एउटा गठबन्धन नै सामूहिक रूपमा उत्रिएको पहिलो परिघटना हो। इरानी नेतृत्वको यो धुरीमा सिरियाली लडाकु समूह, प्यालेस्टाइनका हमास र इस्लामिक जिहाद, लेबनानको हिजबुल्लाह, इराकको पपुलर मोबिलाइजेसन युनिट (पिएमयू) र यमनको हुथी समूह (अन्सार अलाह) समावेश छन्। तीन महिनायता उनीहरूले आफ्ना प्यालेस्टाइनी मित्रलाई सघाउन अमेरिकी र इजरायली ठेगानामा निसाना लगाइरहेका छन्। तर, अमेरिका, बेलायत र इजरायलले यो समूहलाई अन्तरनिहित उद्देश्य र निहित स्वार्थ धुरीको रूपमा स्वीकार गर्नुको सट्टा इरानी प्रोक्सी (छद्म समूह)हरूको अन्तर्राष्ट्रिय सञ्जालका रूपमा संकुचित रूपमा हेरेका छन्। यसले हवाई आक्रमणका शृंखलाले उनीहरूलाई तर्साएर र बम हानेर नै घुँडा टेकाउन सकिन्छ भन्ने विश्वासमा पश्चिमा गठबन्धन रहेको पुष्टि गर्छ। धुरीभित्रको गतिशीलता र अटुट एकताबारे उनीहरू आधारभूत रूपमा नै भ्रममा छन्। यो मूढताले यो क्षेत्रमा उनीहरूको हस्तक्षेपलाई निकै महँगो बनाउन सक्छ।

प्रतिरोध धुरी दीर्घकालीन गठबन्धनका रूपमा सुरु भएर युद्धकालीन गठबन्धनको रूपमा विकसित भएको छ। इजरायलको सामना गर्न सैन्य एवं राजनीतिक सहयोगको साझा प्रावधान नै यसका मुख्य सदस्यलाई एकतामा बाँध्ने सूत्र थियो। इरानले लामो समयदेखि हिजबुल्लाह, हमास र अन्य प्यालेस्टाइनी समूहलाई सैन्य एवं आर्थिक सहयोग प्रदान गरिरहेको छ। सिरियाले हिजबुल्लाहका लागि सुरक्षित आपूर्ति मार्ग र हमासका नेताका लागि सुरक्षित आश्रयस्थल उपलब्ध गराए। यसैगरी, हिजबुल्लाहले हमासलाई बम र सुरुङ बनाउने प्राविधिक सीप तथा सैन्य प्रशिक्षण दियो। साथै, इरासनसँग मिलेर वेस्ट बैंक र गाजामा हतियार निर्माण प्रविधि पुऱ्यायो।

सन् २०१३ मा सिरियाको समर्थनमा प्रतिरोध धुरीले आफ्नो पहिलो युद्धकालीन गठबन्धन निर्माण गरेको हो। हिजबुल्लाहले त्यो युद्धमा हस्तक्षेप गर्नुका साथै इरानलाई सिरियामा रिभोलुसनरी गर्डस् तैनाथी निम्ति मनायो। नवगठित पिएमयूले पनि यही रुख अपनायो र धुरी थप विस्तारित भयो। सिरियामा त यसको भूमिका रहयो नै, इस्लामिक स्टेटविरुद्धको लडाइँमा पिएमयूलाई सघाउन इरान र हिजबुल्लाहले सन् २०१४ मा इराकमा प्रत्यक्ष हस्तक्षेप गरे। इरानबाट सैन्य तथा राजनीतिक सहयोग प्राप्त गरेको हुथी पनि यो धुरीमा मिसियो। साउदी नेतृत्वको गठबन्धन सेनासँग भिड्न हुथीले हिजबुल्लाहबाट सैन्य प्रशिक्षण प्राप्त गरेका थिए। प्रतिरोध धुरी यति एकताबद्ध र दिगो हुनुका पछाडि उनीहरूको बलियो वैचारिक स्तम्भ र साझा रणनीतिक उद्देश्यले काम गरेको छ। यसका सबै सदस्य साम्राज्यवाद र यहुदीविरोधी छन्। उनीहरूको केन्द्रमा प्यालेस्टाइनी मुद्दा छ। अहिले उनीहरूका दुइटा साझा उद्देश्य छन्- इजरायललाई गाजामा निःसर्त युद्धविरामका लागि बाध्य पार्ने र इराक र सिरियाबाट अमेरिकी सेनालाई खेद्ने। यी उद्देश्यलाई पूरा गर्न धुरीमा संलग्न गैरराज्य समूहहरूले आफ्नो राजनीतिक विश्वास र हितअनुरूप काम गरिरहेका छन्। धुरीका समूहलाई इरानले भौतिक सहयोग गरिरहेको भए पनि यो इरानले चाहेजसरी सञ्चालित छैन। अमेरिकी गुप्तचर अधिकारी ब्रायन काट्ज इरानका यी सहयोगी अब इरानी प्रोक्सी मात्र नरहेको तर्क गर्छन्। उनीहरू पारस्परिक रक्षाका लागि वैचारिक रूपले सम्बद्ध, सैन्य रूपले अन्योन्याश्रित र परिपक्व राजनीतिक सैन्य खेलाडी बनिसकेका छन्।

७ अक्टोबरमा हमासले इजरायलमाथि गरेको अप्रत्याशित आक्रमणले यो कुरा उजागर गरेको छ।



तस्बिर : रोयटर्स

इजरायल र अमेरिकी विवरणअनुसार इरानलाई यो हमलाबारे कुनै पूर्वज्ञान थिएन। हिजबुल्लाह, हुथी विद्रोही र पिएमयूले जसरी पूर्वनियोजित (फरवार्ड डिफेन्स) रणनीतिअनुसार इजरायल र अमेरिकाविरुद्ध आक्रमण गर्छन्, हमासले इजरायलमाथि आक्रमण गर्दा सोही रणनीति अपनाएको देखिन्छ। यो रणनीति अहिले सामरिक सैन्य समन्वयको माध्यमबाट कार्यान्वयन भइरहेको छ। रणनीतिअन्तर्गत हिजबुल्लाहले युद्ध व्यवस्थापनको भूमिका लिएको र विभिन्न युद्ध मोर्चामा सैन्य अप्रेसनलाई समन्वित गर्ने, योजना बनाउने र निर्देशित गर्ने ठानिन्छ। यसैअनुरूप गाजाबाहिरका तीनवटा युद्ध मोर्चा इजरायलसँगको हिजबुल्लाहको मध्यमस्तरको युद्ध, सिरिया, इराक र इजरायलमाथिको पिएमयूको आक्रमण र इजरायल र लालसागरमा कार्गो जहाजमाथि हुथीको आक्रमण समन्वित रूपमा गरिन्छन्।

धुरीको यस्तो उच्चस्तरको समन्वयले अमेरिका र उसका सहयोगीलाई जारी युद्धको तौरतरिकामा आमूल परिवर्तन गर्न आवश्यक रहेको देखाउँछ। यी तत्त्वविरुद्ध निरन्तर सैन्य कारबाहीले उनीहरूको लडाइँ जारी राख्ने क्षमता नष्ट हुने धारणा जति भ्रामक छ, उत्तिकै खतरनाक पनि छ। द्वन्द्वको दायरा विस्तार गर्ने सैन्य समाधानहरूले केवल यो धुरीबाट धेरैभन्दा धेरै समन्वित प्रतिक्रियालाई मात्रै निम्त्याउनेछ। उनीहरूले सामुद्री ढुवानी मार्ग रक्षाको प्रयास मात्र गरिरहेका छैनन्, शक्तिशाली गैरराज्य समूहहरूको वैचारिक रूपमा एकताबद्ध र एउटा बलियो गठबन्धनविरुद्ध कहिल्यै जित्न नसकिने युद्ध पनि लडिरहेका छन्। पश्चिमा नेताहरूले यस वास्तविकतालाई मनन गर्नु राम्रो हुन्छ।

हुथी विद्रोहीले अब यस क्षेत्रमा 'अमेरिका र बेलायतका सबै हित'विरुद्ध द्वन्द्वलाई विस्तार गर्ने धम्की दिइरहेको सन्दर्भमा यमनमा अमेरिका र बेलायतको आक्रमणले क्षेत्रीय युद्धको सम्भावनालाई मात्रै चर्काएको छ। हिजबुल्लाहसँग इजरायलको युद्धको खेल चलिरहेको सन्दर्भमा लेबनान-इजरायली मोर्चा अहिले सबैभन्दा ज्वलनशील छ। साथै, हिजबुल्लाह प्रतिरोध धुरीको सबैभन्दा शक्तिशाली गैरराज्य समूह पनि हो। युद्ध भएमा यो सबैभन्दा दूरगामी र पारस्परिक रूपमा विनाशकारी युद्ध हुनेछ। गाजामा युद्धविरामबाहेक अन्य कुनै पनि कुराले यो क्षेत्रलाई बारुदी सुरुङमा परिणत हुनबाट रोक्न सक्दैन।

(साद कारडिफ विश्वविद्यालयमा राजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध अध्यापन गर्छन्)
द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रतिस्पर्धाविहीन राष्ट्रपति निर्वाचनमा पुटिनको उम्मेदवारी

मस्को/ राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी राष्ट्रपति पदका लागि औपचारिक रूपमा उम्मेदवारी दर्ता गरेका छन्। निर्वाचन आयोगले पुटिनलाई मार्चमा हुने राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारका रूपमा मान्यता दिएको छ। निर्वाचनमा उनको जित करिब निश्चित छ। यस शताब्दीको सुरुदेखि नै रुसको नेतृत्व गर्दै आएका ७१ वर्षीय पुटिनले चारवटा राष्ट्रपतीय निर्वाचन जितेका छन् भने केही समयका लागि प्रधानमन्त्रीका रूपमा काम गरेका छन्।

पुटिनले कुनै वास्तविक प्रतिस्पर्धाको सामना गर्ने अपेक्षा गरिएको छैन। उदारवादी प्रतिद्वन्द्वी बोरिस नादेजदिनले उम्मेदवारका रूपमा दर्ताका गर्नका लागि हस्ताक्षरको थ्रेसहोल्ड (सीमा) पार गरेका छन्। यद्यपि उनलाई उम्मेदवारका रूपमा अनुमति दिइन्छ वा दिइन्न भन्ने अझै स्पष्ट भएको छैन। साथै क्रेमलिनले उनलाई गम्भीर प्रतिद्वन्द्वी नमानिएको बताएको छ। निर्वाचन मार्च १५ देखि १७ सम्म हुनेछ। क्रेमलिनका आलोचकहरूका अनुसार निर्वाचनले पारदर्शिताको सुनिश्चिततालाई अझ कठिन बनाउने बताएका छन्। सन् २०२० मा एउटा विवादास्पद संवैधानिक सुधारपछि पुटिन कम्तीमा सन् २०३६ सम्म सत्तामा कायम रहन सक्नेछन्।

कुमारी बैक लिमिटेड, शाखा कार्यालय ट्राफिक चोक, बुटवलको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय ट्राफिक चोक, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला।

अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण:

मोहम्मद रोजनको नाति, मल्लाह सफिफरोको छोरा, अजमेरुन निसाको पति, रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उप.म.न.पा., वडा नं.०६, बस्ने **मोहम्मद जुम्मन** (ना.प्र.नं. ३७३०२४/१४८, जारी मिति २०६३/११/०६, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. मल्लाह सफिफरोको बुहारी, मोहम्मद जुम्मनको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ०६ स्थायी ठेगाना भई हाल बुटवल उप.म.न.पा., वडा नं. ०६. बस्ने **अजमेरुन निसा** (ना.प्र.नं. ३७३०२३/८६९) जारी मिति २०६३/११/२२, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

धितो सुरक्षणको विवरण:

१. धनि कुमारी बैक लि. र ऋणी **मोहम्मद जुम्मन** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवल रुपन्देहीमा दर्ता कायम रहेको चे.नं. MAT464602KSR00267, ई.नं. 4SPCR10APY600633, सवारी नं. लु २ च ६८९४, को TATA XENON YODHA SC गाडी थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५५४५४५

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/१०/१६)

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यम बाट पेश/दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याकंन समितिबाट मूल्याकंन गरि न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको भनी स्वीकृतीको लागि सिफारिस भए अनुसार तपशिलको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) बमोजिम छनौट भएको बोलपत्र स्वीकृत गर्ने आसयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र. सं.	कामको विवरण	ठेक्का संकेत नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मू.अ.कर सहित)
१.	शान्तिमार्ग एवं अन्य गोरेटो सडक स्तरोन्नति कार्य, पनौती-८	Upshanti/42/ 2080/81	श्री अनुपम मल्टिपर्पोज एण्ड कन्सट्रक्सन प्रा.लि., बनेपा	रु.२०,३१,०६४।१३
२.	खारखोला डाँडागाउ लुम्सिडाँडा, ताप्केउ काफलबोटर चौरीखेल गागल सडक स्तरोन्नति कार्य, पनौती-१२	UpKhar/41/ 2080/81	श्री सतरुपा निर्माण सेवा, सर्स्यूखर्क	रु.२५,९२,९२८।४२
३.	मल्पि हेल्थपोष्ट निर्माण कार्य, पनौती-०८	ConMalpi/ 43/2080/81	श्री ए.आर.निर्माण सेवा, रोशी-३, काभ्रे	रु.२१,१५,२८१।००
४.	इन्द्रेश्वर मा.वि.लज्जावती मार्ग सडक स्तरोन्नती कार्य, पनौती-७	Upindreshwor/ 46/2080/1	श्री भण्डारी निर्माण सेवा, पनौती-०९	रु.२३,४६,५२५।२०
५.	पुण्यमाता खोला चौकोट जाने पुल सडक स्तरोन्नति कार्य, पनौती-५	UpPunyamata/ 45/2080/81	श्री भण्डारी निर्माण सेवा, पनौती ९	रु.४०,००,११२।९५
६.	पनौती नगरपालिका ९ नं. वडा कार्यालय निर्माण कार्य	ConW9/40/ 2080/81	श्री भावना/हेमगंगा जेभी	रु.३,०३,८६,७०३।३५

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: सुन्धारा, काठमाण्डौ

ऋणीको विवरण

चन्द्र बहादुर श्रेष्ठको बुहारी, निरञ्जन श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, इराउनेपोस्खरी गा.वि.स वडा नं. २, स्थित स्थायी ठेगाना भएको **सुमना श्रेष्ठ (ना.प्र.प.नं. १४८६४६, काभ्रेपलाञ्चोक)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. जित बहादुर श्रेष्ठको नाति, चन्द्र बहादुर श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, इराउनेपोस्खरी गा.वि.स वडा नं. २, स्थित स्थायी ठेगाना भएको **निरञ्जन श्रेष्ठ (ना.प्र.प.नं. ६२२२९, काभ्रेपलाञ्चोक)**

२. जित बहादुर श्रेष्ठको बुहारी, चन्द्र बहादुर श्रेष्ठको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, इराउनेपोस्खरी गा.वि.स वडा नं. २, स्थित स्थायी ठेगाना भएको **गंगामाया श्रेष्ठ (ना.प्र.प.नं. ४, काभ्रेपलाञ्चोक)**

शाखा कार्यालय: कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम मिति: २०७३/०८/०६ मा दर्ता नं. २००/७२८४/०७३ कायम भई दर्ता भएको नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४ स्थित **श्री नमुना पशु तथा कुखुरा पालन फर्म** **प्रोप्राइटर: चोप बहादुर चन्द वोहरा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बल बहादुर वोहराको नाति, जीत बहादुर वोहराको छोरा, नवलपरासी जिल्ला, नारायणी गा.वि.स.वडा नं. ८, मदनपुर स्थित स्थायी ठेगाना भएको **चोप बहादुर चन्द वोहरा (ना.प्र.प.नं. ई-५६५८९, नवलपरासी)**

२. जित बहादुर वोहराको बुहारी, चोप बहादुर चन्द वोहराको पत्नी, नवलपरासी जिल्ला, नारायणी गा.वि.स.वडा नं. ०८ , मदनपुर स्थित स्थायी ठेगाना भएको **दिलमाया गाहा चन्द वोहरा (ना.प्र.प.नं. ३६२०२९/२३४५, नवलपरासी)**

२. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुर मा औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम मिति: २०७६/०१/२७ मा दर्ता नं. ०७८/०७५/०७६ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यबिन्दु न.पा. वडा नं. २, नवलपुर स्थित **सिद्धबाबा पशुपंक्षी तथा कृषि फर्म** **प्रोप्राइटर: टिका कुमारी महतो**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. श्याम लाल थारुको नाति, सुर्य बहादुर थारुको छोरा, नवलपरासी जिल्ला, अञ्चौली गा.वि.स./न.पा. वडा नं. ६ , बरौली स्थित स्थायी ठेगाना भएको **छवि लाल चौधरी (ना.प्र.प.नं. १७२४८, नवलपरासी)**

२. सुर्य बहादुर थारुको बुहारी, छवि लाल चौधरीको पत्नी, नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **टिका कुमारी महतो (ना.प्र.प.नं. ३६६१७०, नवलपरासी)**

३. सुर्य बहादुर थारुको नातिनी, छविलाल चौधरीको छोरी, नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. २, कोल्हुवा स्थित स्थायी ठेगाना भएको **ईशिना चौधरी (ना.प्र.प.नं. ७७-०१-७८-०२९६२, नवलपरासी)**

३. ऋणीको विवरण

गणेश बहादुर वि.क.को बुहारी, लिला बहादुर खातीको पत्नि, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राममाया खाती (ना.प्र.प.नं. १५८२१, नवलपरासी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कुल मान वि.क.को नाति, गणेश वहादुर वि.क.को छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **लिला वहादुर खाती (ना.प्र.प.नं. ३६/११३५ नवलपरासी)**

२. गणेश वहादुर वि.क.को नाति, लिला वहादुर खातीको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **निश्चल खाती (ना.प्र.प.नं. ३६२०१६/२४९८ नवलपरासी)**

४. ऋणीको विवरण

रेवन्त थापाको नाति, गिरमान थापाको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **रमेश थापा (ना.प्र.प.नं. १५०२४, नवलपरासी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रेवन्त थापाको बुहारी, गिरमान थापाको पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **लुराकान्त थापा मगर (ना.प्र.प.नं. ८२३२२, नवलपरासी)**

२. गिरमान थापाको बुहारी, रमेश थापाको पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **तुलमाया थापा (ना.प्र.प.नं. २६५२८, नवलपरासी)**

३. रेवन्त थापाको नाति, गिरमान थापाको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **अमर बहादुर थापा (ना.प्र.प.नं. ६६०२, नवलपरासी)**

४. गिरमान थापाको बुहारी, अमर बहादुर थापाको पत्नी, नवलपरासी जिल्ला, देउराली गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **मन कुमारी राना (ना.प्र.प.नं. ई-४०२०५, नवलपरासी)**

५. रेवन्त थापाको नाति, गिरमान थापाको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **प्रितम थापा (ना.प्र.प.नं. १७५६१ नवलपरासी)**

६. गिरमान थापाको बुहारी, प्रितम थापाको पत्नी, चितवन जिल्ला, भरतपुर गा.वि.स/न.पा. वडा नं. ०८ स्थित स्थायी ठेगाना भएको **पुर्णकला थापा मगर (ना.प्र.प.नं. ४२५३१ चितवन)**

७. सेते सुनारको नाति, मान बहादुर सुनारको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **भिम बहादुर सुनार (ना.प्र.प.नं. ३६१०८५३ नवलपरासी)**

५. ऋणीको विवरण

प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुरमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७७/०४/२२ मा प्रा.फ.द.न. ६८०/०७७/०७८ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यबिन्दु न.पा. वडा नं. ७, नवलपुर स्थित **श्री अठो पोइन्ट** **प्रोप्राइटर : रुकमीणि गुरौ**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चन्द्र बहादुर गुरौको नाति, महाराजी गुरौको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **हर्ष बहादुर गुरौ (ना.प्र.नं. ७/८१४, नवलपरासी)**

२. महाराजी गुरौको बुहारी, हर्ष बहादुर गुरौको पत्नी, नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रुकमीणि गुरौ (ना.प्र.नं. २८२५१, नवलपरासी)**

३. महाराजी गुरौको नातिनी, हर्ष बहादुर गुरौको छोरी, नवलपरासी (ब.सु.पू.) जिल्ला, कावासोती न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रुबी गुरौ (ना.प्र.नं. ७७-०१-७६-००७३९, नवलपरासी (ब.सु.पू.))**

६. ऋणीको विवरण

सन्ते दमाईको नाति, राज कुमार परियारको छोरा, नवलपरासी जिल्ला, अञ्चौली गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **लक्ष्मण परियार (ना.प्र.प.नं. ४०९८२, नवलपरासी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राज कुमार परियारको बुहारी, लक्ष्मण परियारको पत्नी, नवलपरासी जिल्ला, अञ्चौली गा.वि.स/न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको **पुजा परियार (ना.प्र.प.नं. ३६२०२५/२१४८, नवलपरासी)**

२. हर्के दमाईको बुहारी, सन्ते दमाईको पत्नी, नवलपरासी जिल्ला, अञ्चौली गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **तितुली दमिनी (ना.प्र.प.नं. ३३३७५, नवलपरासी)**

शाखा कार्यालय: हस्पिटलचोक, पोखरा, कास्की

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइमेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम मिति २०६२/०९/०५ मा दर्ता नं. ३७४०७/०६२/०६३ कायम भई दर्ता भएको कास्की जिल्ला, साबिक पोखरा उ.म.न.पा. वडा नं. ११, रानिपौवा स्थित **पिनाकल एकेडेमी कास्की प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ठिकाराम वि.क.को नाति, देउ बहादुर वि.क.को छोरा, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **कमल वि.क. (ना.प्र.प.नं. ५८८८६, स्याङ्जा)**

२. मन बहादुर गैरेको नाति, डल्लेको छोरा, गोरखा जिल्ला, दर्बुङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **प्रकाश दिप गैरे (ना.प्र.प.नं. १००५०२, गोरखा)**

३. सोम बहादुर वि.क.को नातिनी, राजेन्द्र बिश्वकर्माको छोरी, कास्की जिल्ला, थुम्की गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **कृष्ण माया बिश्वकर्मा (ना.प्र.प.नं. ६६१०२८/६३, कास्की)**

४. केशर गुरुङको नाति, डमर सिं गुरुङको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स./न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **गुन्ज बहादुर गुरुङ (ना.प्र.प.नं. १७६४९१, कास्की)**

५. गोपाल दमाईको नाति, पूर्ण बहादुर दमैको छोरा, तनहुँ जिल्ला, पोखरीभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **प्रेम बहादुर परियार (ना.प्र.प.नं. ८५०६१, तनहुँ)**

६. सन्त बहादुर खत्रीको नाति, झपट बहादुर खत्रीको छोरा, कास्की जिल्ला, काँहु गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राम कुमार खत्री (ना.प्र.प.नं. ६७६, कास्की)**

७. घकुरे दमाईको नाति, नहले दमाईको छोरा, कास्की जिल्ला, पोखरा गा.वि.स./न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भएको **गणेश परियार (ना.प्र.प.नं. १५२२७१, कास्की)**

८. अमरध्वज गुरुङको नाति, देवी दास गुरुङको छोरा, लमजुङ्ग जिल्ला, करापु गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **भिम बहादुर गुरुङ (ना.प्र.प.नं. ३९१०३, लमजुङ्ग)**

९. डल्ले दमाईको नातिनी, रुद्र बहादुर परियारको छोरी, कास्की जिल्ला, पोखरा गा.वि.स./न.पा. वडा नं. १८ स्थित स्थायी ठेगाना भएको **आशमाया परियार (ना.प्र.प.नं. ६६३००१/४७, कास्की)**

१०. शेर बहादुर गुरुङको नाति, खिम बहादुर गुरुङको छोरा, कास्की जिल्ला, भदौरतमाजी गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राज कुमार गुरुङ (ना.प्र.प.नं. ९४०४३, कास्की)**

११. डमर सिं गुरुङको नातिनी, गुन्ज बहादुर गुरुङ्गाको छोरी, कास्की जिल्ला, पोखरा गा.वि.स./न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **विरमाया गुरुङ्गा (ना.प्र.प.नं. ६६-०१-७०-०१११९, कास्की)**

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १६ माघ ०८०

सरकारको नीति-कार्यक्रम र बजेटमा क्रान्ति हुँदै छ : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्ष ०८१/८२ को नीति-कार्यक्रम र बजेट निर्माणमा सानोतिनो क्रान्ति नै ल्याउने गरी प्रक्रिया अघि बढाएको बताएका छन् । प्रधानमन्त्री प्रचण्डले केही समयअघि जारी अध्यादेशमार्फत फागुनभित्रै संसद्मा नीति-कार्यक्रम पेस गर्ने कार्यतालिका बनाएको भन्दै त्यसपछि सांसद र जनताबाट प्राप्त सुझावका आधारमा बजेट निर्माण हुने जानकारी दिए ।

माओवादीनिकट पत्रकारहरूको संस्था प्रेस सेन्टर नेपालको २०औं स्थापना दिवस तथा राष्ट्रिय परिषद्को बैठकलाई वीरगन्जमा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले नीति तथा कार्यक्रम र बजेट समाजवाद र सामाजिक न्यायको पक्षमा हुने बताएका हुन् । विगतमा राष्ट्रिय योजना आयोगबाट मन्त्रालयहरूसँग परामर्श नै नगरी बजेटको सिलिङ तोक्ने प्रवृत्ति रहेको, तर यसपटक सबै मन्त्रालयसँगको परामर्शमा मात्रै बजेटको सिलिङ तोकिनेसमेत उनले बताए । 'बजेटको कार्यक्रम र अंकका बारेमा विगतमा मन्त्रालयहरू नै असन्तुष्ट हुने स्थिति थियो । अब भने सबै मन्त्रालयसँग छलफल गरेर सहमतिमै बजेटको सिलिङ निर्धारण गरी कार्यक्रम लागू गरिनेछ,' उनले भने ।

जहाज मर्मतमा नेवानि नेतृत्वको बेवास्ता
पर्यटनमन्त्री भन्छन्- परिणाम दिन नसक्नेलाई किन राख्ने ?



काठमाडौं/ ग्राउन्डेड ट्विनअटर विमान मर्मत गरेर उडाउन बेवास्ता गरेपछि पर्यटनमन्त्री सुदन किराँती नेपाल वायुसेवा निगम (नेवानि)का कार्यकारी अध्यक्ष युवराज अधिकारीसँग रुष्ट भएका छन् । सोमबार अनुगमनका लागि जहाज मर्मतस्थल पुगेका उनी जहाज मर्मतमा खटिएको टोलीबाट सन्तोषजनक जवाफ नपाएपछि कडा रूपमा प्रस्तुत भएका थिए ।

सन् २०१२ देखि ग्राउन्डेड जहाज मर्मत गर्न निगम सञ्चालक समितिको बोर्ड बैठकबाट निर्णय भएको दुई महिना बित्न लाग्दासमेत कार्यान्वयन नभएपछि मन्त्री किराँती त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित निगमको ह्यांगरमा पुगेका थिए । निगम कार्यकारी अध्यक्ष अधिकारीलाई लक्षित गर्दै उनले भने, 'जनताले कागजात हेर्दैनन्, परिणाम चाहेका छन् । मलाई परिणाम चाहियो, जहाज कहिलेसम्म बनिसक्छ ? पहिलाजस्तो ढाँट्न पाइन्न । परिणाम दिन नसक्ने कर्मचारीलाई मैले निगममा किन राख्ने ?'

अहिले निगमका अन्तर्राष्ट्रिय जहाज उडान गर्नेभन्दा ग्राउन्डेड बढी भइरहेका छन् । आन्तरिक उडानका लागि दुईवटा ट्विनअटर भए पनि नियमित उडानमा भने एउटा मात्र हुने गर्छ । निगमको न्यारोबडी ९एन-एकेएक्स जहाज चालू आर्थिक वर्षको साढे ६ महिनामा साढे चार महिनाभन्दा बढी ग्राउन्डेड भइसकेको छ । पछिल्लो समय करिब दुई महिनादेखि ग्राउन्डेड एकेएक्स जहाज इजरायल लगेर थन्क्याइएको छ ।

स्टार्टअप उद्यमीले पाँच वर्षका लागि २५ लाखसम्म सहुलियत कर्जा पाउने

कार्यविधिअनुसार बैंक तथा वित्तीय संस्थाले स्वीकृत व्यवसाय वा परियोजना नै धितोमा राखी कर्जा प्रदान गर्नेछ

मुना कुँवर/नयाँ पत्रिका

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप उद्यमीलाई पाँच वर्षका लागि २५ लाख रुपैयाँसम्म सहुलियत कर्जा दिने भएको छ । मन्त्रालयले 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०' ११ माघमा स्वीकृत गर्दै यस्तो व्यवस्था गरेको हो । मन्त्रालयले उद्यमीलाई औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमार्फत कर्जा प्रदान गर्नेछ ।

कार्यविधिअनुसार प्रतिष्ठानले कर्जा लिन इच्छुक स्टार्टअप उद्यमीलाई २१ दिनभित्र परियोजना प्रस्ताव पेस गर्न आह्वान गर्नेछ । कर्जा प्रदान गर्नका लागि प्रतिष्ठानले एक वा एकभन्दा बढी सरकारी स्वामित्वको वाणिज्य बैंकलाई तोक्ने व्यवस्था छ । कर्जा प्रवाह गर्नुअघि बैंकले उद्यमीसँग कर्जा प्रवाह गर्ने तरिका, कर्जाको सीमा, किस्ता बुझाउनुपर्ने अवधि, साँवा फिर्ता र ब्याज भुक्तानीको अवधि तथा प्रक्रिया विषयमा सम्झौता गर्नेछ । बैंकले आफ्नो शाखा कार्यालयमार्फत पनि सम्झौता गर्न सक्नेछ । बैंकले उद्यमीसँग गरेको सम्झौताको जानकारी सात दिनभित्र प्रतिष्ठानलाई दिनुपर्नेछ । सम्झौता गरेको सात दिनभित्रमा बैंकले कर्जाको प्रथम किस्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

कार्यविधिअनुसार कर्जाको अवधि अधिकतम पाँच वर्षको हुनुपर्नेछ । कर्जा लिने उद्यमीले ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा र ब्याजबापतको रकम फिर्ता गर्न प्रारम्भ गर्नुपर्नेछ । यस्तो खालको कर्जाको ब्याजदर ३ प्रतिशत हुनेछ । बैंकले कर्जा प्रवाह गर्दा पाँच लाखसम्मको कर्जाको हकमा एक किस्ता, १४ लाख रुपैयाँसम्मका लागि दुई किस्ता र सोभन्दा माथि २५ लाख रुपैयाँसम्मको हकमा तीन किस्तामा कर्जा रकम उपलब्ध गराउनेछ ।

उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित उद्यमीले स्टार्टअप उद्यममा कर्जा प्रयोग गरेको पुष्ट्याइँसहित थप किस्ता माग गरेमा बैंकले निरीक्षण गरी प्रगतिका आधारमा थप कर्जा रकम उपलब्ध गराउन सक्नेछ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा व्यवसाय वा परियोजनाको बिमा गर्नुपर्नेछ ।

■ परियोजना धितोमा राखी कर्जा प्रवाह गरिने

स्टार्टअप उद्यम कर्जा कार्यविधिअनुसार बैंक तथा वित्तीय संस्थाले स्वीकृत व्यवसाय वा परियोजना नै धितोमा राखी कर्जा प्रदान गर्नुपर्नेछ । त्यस्तो व्यवसाय वा परियोजनाको बिमा भने उद्यमी आफैंले गर्नुपर्नेछ । कर्जा प्रवाह गर्दा बैंकले कानुनबमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनुपर्नेछ । कर्जाको सुरक्षणका लागि प्रतिष्ठानले प्रवाहित कर्जाको २५ प्रतिशत रकम स्वीकृत बजेटको सीमाभित्र रही स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा राख्नुपर्नेछ । कोषको सञ्चालन निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ । कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट असुल गर्नेछ । कर्जाको दाबी भुक्तानी माग भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट भुक्तानी गर्नेछ ।

तर, उद्यमीले तोकिएको समयमा कर्जा भुक्तानी नगरेमा बैंकले उद्यमीको राहदानी रोक्का गर्न सक्नेछ । साथै, उद्यमीको नाममा रहेको चल-अचल सम्पत्ति बिक्री गर्न बन्देज लगाउन सक्नेछ । उद्यमीको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खाता रोक्का गर्न र नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्तालगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गराउन सक्नेछ ।

त्यस्तै, बैंकले सुविधा प्रदान गरेबापत शून्य दशमलव १ प्रतिशत सेवा शुल्कबापत रकम लिन सक्नेछ । बैंकमा उद्यमीले कर्जाको साँवा तथा ब्याज रकम भुक्तानी गरेपश्चात् प्राप्त रकम तीन दिनभित्र स्टार्टअप उद्यम कर्जा प्रवाह कोषमा दाखिला गर्नुपर्नेछ ।

■ कर्जा लिने परियोजनाको चुक्ता पुँजी कम्तीमा दुई लाख रुपैयाँको हुनुपर्ने

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वितरण गर्ने स्टार्टअप उद्यम कर्जाका लागि परियोजनाको चुक्ता पुँजी कम्तीमा दुई लाख रुपैयाँको हुनुपर्नेछ । मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार परियोजनाको चुक्ता पुँजी अधिकतम १० लाख रुपैयाँसम्मको हुनुपर्नेछ । परियोजना कुनै वस्तु वा सेवाको उत्पादन, सञ्चालन वा वितरण प्रक्रियामा नवीन प्रविधि एवं सिर्जनशील सोचको प्रयोग गरेको हुनुपर्नेछ ।

उद्यमको कुल कारोबार वार्षिक दुई करोड रुपैयाँभन्दा कम भएको हुनुपर्नेछ । स्थिर पुँजी दुई करोड रुपैयाँभन्दा कम हुनुपर्नेछ । तर, प्रचलित कानुनबमोजिम दर्ता नभएको, वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री-वितरण गर्ने गरेको, प्रचलित कानुनबमोजिम कालोसूचीमा परेको, होल्डिङ तथा लगानी कम्पनीका रूपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएकोलाई स्टार्टअप उद्यम मानिनेछैन ।

कार्यविधिअनुसार कृषि तथा पशुपक्षी, वनपैदावर, पर्यटन प्रवर्द्धन, मनोरञ्जन, अतिथि सत्कार, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, मानव स्वास्थ्य, शिक्षा, सुरक्षित यातायात, अटोमोबाइलसँग सम्बन्धित स्टार्टअप हुनुपर्नेछ । त्यस्तै, परम्परागत प्रविधि, उत्पादन, सेवा प्रवाह, खानी, खनिज अनुसन्धान, घरायसी वा दैनिक जीवनयापन, खाद्य उत्पादन, प्रशोधन, फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण, विपत् व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा र जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित हुनुपर्नेछ ।

त्यस्तै, प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रवाहका लागि विनियोजन भएको रकम बैंकलाई उपलब्ध गराउनेछ । बैंकले छुट्टै खाता खोली स्टार्टअप उद्यम कर्जा प्रवाह कोषका रूपमा राख्नुपर्नेछ । बैंकले आव समाप्त भएको ३० दिनभित्र कोषको वार्षिक कारोबार विवरण प्रतिष्ठानलाई उपलब्ध गराउनुपर्नेछ ।



सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४३१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण:
